नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ३ ● अंक २९७ ● २०८२ साल असोज ०७ गते मंगलबार ● Tuesday 23, September 2025 ● सूर्योदयः बिहान ५:५४ बजे ● सूर्यास्तः साँझ ६:०० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## ३८ पालिकाका कर्मचारी तलबबाट वञ्चित

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका ३८ पालिकाका करिब ११ हजार ४ सय कर्मचारीले यस वर्ष दशैँमा तलब र भत्ता पाउन नसक्ने भएका छन् । चालु आर्थिक वर्षको बजेट अझै पेस हुन नसकेको कारण उनीहरूको दशैं खल्लो हुने भएको हो । प्रदेशका अधिकांश पालिकामा अब पाँच दिन मात्रै कार्यालय खुल्ने र त्यसपछि दशैंको बिदा शुरु हुने भएकाले बजेट पास भएको भए पनि तलब निकासा हुने समय नपुग्ने राजविराज नगरपालिकाका लेखा अधिकृत शत्रुधन दासले जानकारी दिए ।

चालु आर्थिक वर्षको तेस्रो महिना असोज ५ गतेसम्म यी ३८ पालिकाले बजेट ल्याउन नसकेको देखिएको छ । मधेश प्रदेशमा १३६ पालिका छन् तीमध्ये ९८ वटा पालिकाले बजेट ल्याइसकेका छन् भने एक उपमहानगरपालिका, १८ नगरपालिका र १९ गाउँपालिकाले अहिलेसम्म बजेट ल्याउन सकेको छैन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलका अनुसार सिरहाको १७ मध्ये तीन, सर्लाहीको २० मध्ये पाँच, रौतहटको १८ मध्ये पाँच, बाराको १६ मध्ये चार र पर्साको १४ मध्ये पाँच पालिकाले बजेट पेस गर्न सकेका छैनन् ।

# प्यासेन्जरपछि 'ट्रेड रेल'को सपना साकार पार्दै नेपाल रेल्वे



संसारमा कहीँ पनि प्यासेन्जर रेल नाफामा लैजान कठिन छ । यसका लागि ट्रेड रेल नै चलाउनु पर्छ भन्ने हाम्रो प्रयास थियो, अहिले भारत पनि सकारात्मक देखिएकाले अब छिट्टै ट्रेड रेल चलाउने योजनामा पुगेका छौँ ।
**– निरञ्जन झा**
**प्रबन्ध निर्देशक, नेपाल रेल्वे कम्पनी**

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल रेल्वे कम्पनीले थप व्यावसायिक तथा नाफामूलक बन्ने उद्देश्यले कार्गो रेल्वे सेवा सञ्चालनको प्रक्रिया अगाडि बढाएको छ । भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालनमा रहेको ६५ किलोमिटर लामो ब्रोडगेज यात्रुवाहक रेल्वेसँगै कार्गो सेवा सञ्चालनको तयारीमा कम्पनी जुटेको हो ।

भारत सरकारको १० अर्ब रुपैयाँ लागतमा मर्मत तथा निर्माण भइ जयनगरवाट जनकपुर हुँदै महोत्तरीको बिजलपुरासम्म यात्रुबाहक रेल्वे सेवा सञ्चालनमा छ । सरकारले भारत सरकारसँग खरिद गरेको दुईवटा इन्जिनसहितको चार–चार वटा वोगीमार्फत नेपाल र भारतका नागरिकलाई नियमित सेवा प्रदान गरिरहेको छ ।

यात्रु ओसारपसार गरेर रेल्वे सेवालाई व्यावसायिक बनाउन तथा नाफामा लैजाने अवस्था नभएकाले कम्पनीले पटकपटक सरकारलाई ट्रेडरेल चलाउने प्रक्रियाका लागि पिल गर्दै आएको थियो । अब कार्गो रेल्वे सेवा निकट भविष्यमै सञ्चालनमा आउने कम्पनीका प्रबन्ध निर्देशक निरञ्जन झाले बताए ।

'अहिलेको रेल्वेमा वोगी थपेर वा नयाँ रेल नै थपेर कार्गो रेल्वे सेवा सञ्चालन गर्ने भन्ने विषयमा छलफल भइरहेको छ,' झाले भने, 'कार्गो रेल्वे सेवा सञ्चालनका लागि महोत्तरीको रामनगर तथा बर्दिवाससम्म रेल्वे सेवा विस्तार गर्न नयाँ स्टेशन निर्माण गर्न भारतीय पक्ष अग्रसर भएको छ ।'

भारतको कलकत्ता बन्दरगाहदेखि सस्तो दरमा नेपालमा मालसमान ढुवानी गर्न कार्गो रेल्वे सेवा सञ्चालनका लागि पहिलेदेखि यसक्षेत्रका व्यवसायीले माग गर्दै आएका थिए । जनकपुरका व्यवसायी रामनरेश साह कार्गो रेल्वे सेवा सञ्चालन भए मालसमान ढुवानीका लागि सहज तथा सस्तो हुने बताउँछन् ।

## आज प्रदेश सभा बैठक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको बैठक आज मंगलबार बस्दैछ । बैठकको आवश्यक तयारी अन्तिम चरणमा पुगेको प्रदेश सभा सचिवालयले जनाएको छ । युवा पुस्ताको आन्दोलनक्रममा प्रदेश सभामा समेत आन्दोलनकारीको समूहले आगजनी र तोडफोड गरेपछि मर्मतसम्भार गरेर बैठक बस्न लागेको हो । सभा हलमा आगो लगाइएपछि ध्वस्त भएको हललाई मर्मत सम्भार गरिएको छ भने कुर्सीको समेत व्यवस्था गरिएको छ ।

सभा हल मर्मत सम्भार भइरहेको र मंगलबार बिहानसम्म मर्मतसम्भार गरेर प्रदेश सभा सञ्चालन गरिने तयारी जारी छ । प्रदेश सभाको बैठक दिउँसो १ बजे डाकिएको छ । प्रदेश सभामा बैठक सञ्चालनका लागि हल मर्मत र कुर्सी व्यवस्थापना कार्य भइरहेकोमा बिहानसम्म सबै व्यवस्था गरिने प्रदेश सभा सचिव वाशु कोइरालाले जानकारी दिए । उनले केही काम बाँकी रहेको र त्यो काम सकाएर बैठकका लागि हल व्यवस्थापन गरिने बताए ।

मधेशमा सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको र विपक्षमा बस्ने निर्णय भएपछि सोहीअनुसारको सिट व्यवस्थापन गरिने सभामुख रामचन्द्र मण्डलले जानकारी दिए । उनले सोमबार बिहान पार्टीले लिखित रुपमै पत्र पठाएपछि सोही अनुसार सिटको व्यवस्था गर्न लागिको जानकारी दिए ।

मुख्यमन्त्री सतिश कुमार सिंहले पार्टीले फिर्ता बोलाएपछि राजीनामा नदिने बरु प्रदेश सभामा विश्वासको मत लिने अडान लिएपछि पार्टीले कारबाहीका लागि स्पष्टिकरणसमेत सोधेको छ ।

## पार्किङबाट पालिकाको सेवा

**मधेशदृष्टि**
**बारा ।**
निजगढ नगरपालिकाले पार्किङ क्षेत्रबाट सर्वसाधारणलाई सेवा शुरु गरेको छ । जेन्जी आन्दोलनक्रममा कार्यालयमा क्षति पुगेपछि पालिका पार्किङ क्षेत्रबाट भए पनि सेवा दिन तयार भएको हो ।

भदौ २३ गते नगरपालिकाको शिक्षा, स्वास्थ्य, आर्थिक प्रशासन, कृषि, राजस्व, महिला तथा बालबालिका, सामाजिक विकास शाखामा आगजनी र तोडफोड भएपछि पालिका तहसनहस नै भएको थियो । कार्यालय अभावमा कर्मचारी र जनप्रतिनिधि कार्यालय परिसर सरसफाइपछि पार्किङस्थलमा टेबलकुर्सी राखेर सेवामा लागेका छन् ।

प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र बहादुर अर्याल भएकै सामानबाट नियमित, मितव्ययी र कम खर्चमा प्रभावकारी ढङ्गले सेवा शुरु गर्न लागिएको बताउँछन् । २०७४ को निर्वाचनपछि तत्कालीन नगरप्रमुख सुरेश खनालको कार्यकालमा निर्माण भएको २ तले नगरपालिका भवन बारा जिल्लाका १६ पालिकाकै प्रशासनिक भवनमध्ये नमूना मानिएको थियो । तर जेन्जी आन्दोलनक्रममा भवन तहसनहस भयो ।

आन्दोलनक्रममा निजगढ र विश्रामपुर गाउँपालिकामा सबैभन्दा क्षति भएको प्रहरीले जनाएको छ ।

निजगढ नगरपालिकाको १३ वटा वडा कार्यालयमध्ये १० वटामा क्षति भएको छ । आगजनी र तोडफोडले क्षति भएपछि निजगढ नगरपालिकाको यस वर्षको विकास बजेट प्रभावित हुने देखिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत अर्याल स्रोत र साधनको अभावले स्वीकृत भएका बजेटका कार्यक्रम पनि यस वर्ष कटौती गर्नुपर्ने अवस्था आएको बताउँछन् ।

नगरपालिकाको स्वास्थ्य शाखामा सबैभन्दा धेरै क्षति भएको छ । कार्यालयभित्र भण्डारण गरी राखिएको औषधी र औषधिजन्य सामान जलेर नष्ट भएको छ । निःशुल्क वितरण गर्न राखिएको ९८ प्रकारका औषधि पूर्ण रूपमा जलेर नष्ट भएको छ । करिब ५५ लाख रुपैयाँ बराबरको औषधी र औषधीजन्य सामग्री क्षति भएको बताइएको छ ।

## आजपामा प्रदेशको नेतृत्व हेरफेर



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)ले प्रदेशको नेतृत्व हेरफेर गर्दै व्यवस्था परिवर्तनका लागि जनदबाबसहित निर्वाचनमा सहभागी हुने निर्णय गरेको छ ।

कमलादीस्थित नेपाल प्रज्ञा भवनमा सम्पन्न केन्द्रीय कमिटी र पदाधिकारी बैठकले गरेको निर्णय सोमबार सार्वजनिक गर्दै प्रवक्ता चन्द्रभुषण साहले प्रदेशको नेतृत्व हेरफेरसहित व्यवस्था परिवर्तनका लागि जनदबाबसहित निर्वाचनमा सहभागी हुने जनाएका छन् ।

बैठकले प्रदेश कमिटीको इन्चार्ज, सहइन्चार्ज एवम् अध्यक्षको जिम्मेवारी हेरफेर गरेको छ ।

कोशी प्रदेशको इन्चार्जमा तिलक थापा मगर, सहइन्चार्जमा जुरीलाल मोची, अध्यक्षमा खगेन्द्र भण्डारी, मधेश प्रदेशको इन्चार्जमा त्रिभुवन साह, सहइन्चार्जमा श्रीचन मुखिया, अध्यक्षमा उमेश कुशवाहा, उपत्यका विशेष कमिटीको इन्चार्जमा चन्द्रभुषण साह, अध्यक्षमा देवी पण्डित रेग्मी तोकिएका छन् ।

यसैगरी, सुदूरपश्चिम प्रदेश इन्चार्जमा सुमिना हुसेन, अध्यक्षमा राम विष्ट, बागमती प्रदेशको इन्चार्जमा धनकुमारी मगर, सहइन्चार्जमा देवी पण्डित रेग्मी र अध्यक्षमा पासाङ तामाङ, गण्डकी प्रदेशको इन्चार्जमा तिलक थापा मगर र अध्यक्षमा भोजराज त्रिपाठी, लुम्बिनी प्रदेशको इन्चार्जमा त्रिभुवन साह र अध्यक्ष बिजय यादव र कर्णाली प्रदेशको इन्चार्जमा समिना हुसेन तथा अध्यक्ष आशा सञ्जेल छन् ।

आजपा प्रवक्ता साहले व्यवस्था परिवर्तनका लागि पार्टी छठपछि आन्दोलनमा उत्रिने निर्णय भएको जनाएका छन् । छठपछि व्यवस्था परिवर्तनका लागि आन्दोलनमा जाने निष्कर्ष बैठकले निकालेको छ । दशैँ, दीपावली, छठ पर्वसम्म पार्टीको प्रदेश, जिल्ला, पालिका कमिटीको बैठक, भेला, कमिटी गठन, पुनर्गठन, शुभकामना अदानप्रदान लगायतका गतिविधि गर्ने र चाडपर्व सकिएपछि आन्दोलनमा उत्रिने निर्णय आजपाले गरेको हो ।

'दशैँ, दिपावली, छठपर्वसम्म हामीले शुभकामना कार्यक्रमसहित विभिन्न कमिटीको बैठक, भेला, कमिटी गठन, पुनर्गठन गर्दै अगाडी बढनेछौँ । केन्द्रीय कमिटी पुनर्गठन गरेका छौँ, अब प्रदेश, जिल्ला कमिटी पुनर्गठन गर्दै छठपर्वपछि हामी व्यवस्था परिवर्तनका लागि आन्दोलनसहित निर्वाचनमा सहभागि हुने निर्णय गरेका छौँ,' प्रवक्ता साहले भने ।

## घटस्थापनासँगै बडादशैँ आरम्भ

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि शुरु हुने यस वर्षको बडादशैँ सोमबारदेखि शुरु भएको छ । दशैँको पहिलो दिन घटस्थापनामा नेपालीको घरघरमा जमरा राखिएको छ । विधिपूर्वक घडा स्थापना गरी त्यही घडामाथि शक्तिस्वरुपा दुर्गाको पूजा आराधना गरिने भएकाले यस दिनलाई घटस्थापना भनिएको हो ।

घटस्थापनाका दिन पूजाकोठा, दशैँघर अथवा कोतमा दियो कलश र गणेश थापी नवदुर्गाको स्थापना गर्ने चलन छ । यसैबीच, वीरगंजस्थित प्रसिद्ध शक्तिपीठ गह्वामाई मन्दिरमा दर्शनार्थी र भक्तजनको ठूलो घुइँचो लागेको छ । स्थानीय, छिमेकी जिल्ला र भारतबाट आएका श्रद्धालुले देवीको दर्शन गर्दै पूजाअर्चना गरेका छन् । भीड व्यवस्थापनका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्वयम्सेवकहरू खटाइएका छन् । साथै, मन्दिर परिसरमा विशेष सिसिटिभी र ड्रोन निगरानीको व्यवस्था गरिएको छ ।

भक्तजनको सहजताका लागि मन्दिर व्यवस्थापन समितिले विशेष व्यवस्था मिलाएको छ । भीड नियन्त्रण गर्नका साथै मन्दिर परिसरमा मोबाइल फोन प्रयोग, टिकटक बनाउने, तस्बिर खिच्ने र भिडियो खिच्ने कार्यमा पूर्ण प्रतिबन्ध लगाइएको छ । यस वर्षको दशैँलाई विशेष बनाउन विश्व हिन्दु परिषद्ले नेपालमै पहिलो पटक घटस्थापनाको दिन 'चुनरी यात्रा' गरेको छ ।

सोमबार गह्वामाई मन्दिरबाट शुरु भएको १ सय ५१ मिटर लामो चुनरीलाई भक्तहरूले बोकेर नगर परिक्रमा गरेका छन । परिक्रमा पछि मन्दिरमा विशेष पूजा–आराधनासहित कार्यक्रम सम्पन्न गरिएको छ । परिषद्का सचिव दीपेन्द्रकुमार सर्राफका अनुसार यो पूर्णतः स्वैच्छिक भक्तिपूर्ण कार्यक्रम हो र कुनै आर्थिक सहयोग लिइएको छैन । 'चुनरी यात्रा' र मन्दिरको भव्य तयारीले वीरगंजमा दशैँको उत्साहलाई अझै जीवन्त बनाएको छ ।



# देउवा र खड्काको निवासमा जलेका नोटको विषयमा अनुसन्धान शुरु



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र तत्कालीन ऊर्जामन्त्री दीपक खड्काको निवासमा जलेका नोटको विषयमा अनुसन्धान शुरु भएको छ । सम्पत्ति शुद्धीकरण विभागको टोली र प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले छुट्टाछुट्टै अनुसन्धान थालेको स्रोतले जानकारी दियो । एसपीको नेतृत्वमा एक टोलीले दुवै घरमा पुगेर प्रारम्भिक अनुसन्धान थालेको स्रोतले जानकारी दियो । देउवाको निवासमा हजार, पाँचसयका नोट र डलर जलेको अवस्थामा भेटिएको थियो । नेपाल प्रहरीका प्रवक्ता डीआईजी विनोद घिमिरेका अनुसार जेनजी प्रदर्शनका क्रममा उच्छृङ्खल गतिविधि, लुटपाट, जलेका भनिएका नोटलगायत सबै विषयमा ब्यूरोले अनुसन्धान थालेको छ । तत्कालीन ऊर्जामन्त्री खड्काको निवासमा भेटिएको पैसालाई प्रदर्शनकारीले हावामा उडाएका थिए । देउवा निवासबाट लुटिएको केही रकमसहित तीन जनालाई भदौ २४ गते राति नै प्रहरीले पक्राउ गरेको थियो । पक्राउ परेकाको बयान, घरमा जलेको अवस्थामा भेटिएका नोटसहित सम्पत्ति शुद्धीकरण विभागले पनि अनुसन्धान थाल्ने एक अधिकारीले जानकारी दिए ।

# आमचुनावका लागि आयोगको प्रस्ताव

**मधेशदृष्टि**
**काठमाडौँ ।**
निर्वाचन आयोगले आउँदो फागुन २१ गतेका लागि तोकिएको आमचुनावका लागि मतदाता नामावली सङ्कलन गर्ने बाटो खुला गर्न सरकारसँग प्रस्ताव गरेको छ । मतदाता नामावली ऐनमा भएको व्यवस्था अनुसार चुनावको मिति घोषणा भएपछि मतदाता नामावली सङ्कलन गर्न पाइँदैन । तर, यस पटक विशेष अवस्थामा चुनाव हुन लागेकोले मतदाता नामावली सङ्कलन गर्न आयोगले सरकारसँग प्रस्ताव गरेको हो । जेन्जी आन्दोलनबाट बनेको सरकारले चुनाव गराउन लागेको र अब मतदाता थप नगर्दा जेन्जी पुस्ताका धेरै छुट्न सक्ने भएकाले आयोगले नामावली सङ्कलन गर्ने प्रस्ताव गरेको हो ।

# प्रसिद्ध शक्तिपीठ त्रिशुलीदेवी मन्दिर सर्वसाधारणका लागि खुला

**महोत्तरी ।**
वर्षमा एकपटक मात्रै खोलिने महोत्तरीको प्रसिद्ध शक्तिपीठ त्रिशुलीदेवी मन्दिर सोमबार सर्वसाधारणका लागि खोलिएको छ । सदरमुकाम जलेश्वर नगरपालिका–१ मा अवस्थित बाबाजलेश्वरनाथ महादेव मन्दिरको परिसरमा रहेको जिल्लाकै प्रख्यात त्रिशुलीदेवी मन्दिर सोमबारदेखि सर्वसाधारणको दर्शनका लागि खोलिएको पुजारी उपेन्द्र पाठकले बताए ।
घटस्थापनासँगै सर्वसाधारणको पूजाआजा र दर्शनका लागि यो मन्दिर खोलिएको मन्दिरका पुजारी पाठकले बताए । मन्दिरमा सोमबार बिहानदेखि जिल्लाका विभिन्न गाउँठाउँबाट पूजाअर्चना र दर्शनका लागि भक्तजनहरूको घुइँचो लागेको छ ।
त्रिशुलधारण गरेकी त्रिशुलीदेवी भवानीको प्रतिमा पनि वर्षभर कसैले हेर्न वा छुन पाउँदैनन् । यद्यपि दस दिनसम्म विशेष पूजाआजा गर्न, सर्वसाधारणले माताको पूजाअर्चना गर्न एवम् दर्शन गर्न पाउने र भेटी समेत चढाउन पाउने व्यवस्था रहेको पुजारी पाठकले बताए ।
जलेश्वर महादेवमन्दिरको परिसरमा नै अवस्थित माता त्रिशुलीदेवी मन्दिर प्रख्यात शक्तिपीठमध्येको एक हो भने यस शक्तिपीठ नेपालमा महोत्तरी, धनुषा, सिरहा, सर्लाही जिल्लालगायत भारतको सीतामढी र मधुवनी, दरभङ्गा र मुज्फरपुर जिल्लामा निकै प्रख्यात रहेको छ । दशैँमा त्रिशुलीदेवीको पूजा र दर्शन गर्न नपाएका भक्तजनहरू पुनः वर्षभरि माताको मन्दिर खुल्ने प्रतीक्षा गर्नुपर्ने हुन्छ । दसैँभरि त्रिशुलीदेवी मन्दिरमा ठूलो भीड लाग्ने तथा लाखौँको भेटी र प्रसाद चढाइने गरिन्छ । यस त्रिशुलीदेवी मन्दिरमा भाकल गरेको र मागेको वर पूरा हुने जनविश्वास रहेको छ भने वर्षमा एकपटक मात्रै माताको दर्शन हुने हुँदा सर्वसाधारणको आस्थाको केन्द्र बनेको यस मन्दिरका अर्का पुजारी कामेश्वर पाठकले बताए । रासस

# राष्ट्रिय परिचयपत्र वितरण सेवा शुरु



**सिरहा ।**
जेन्जी पुस्ताको प्रदर्शनका क्रममा तोडफोड भएपछि ठप्प भएको इलाका प्रशासन कार्यालय लहानको सेवा क्रमशः सञ्चालन हुँदै गएको छ । कार्यालयले आइतबारदेखि राष्ट्रिय परिचयपत्र वितरण सेवा पुनः शुरु गरेको छ । कार्यालयका प्रमुख वेदनिधि खनालका अनुसार प्रदर्शनकारीहरूले लुटेर लगेको क्यामेरा फिर्ता भएकाले राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा पुनः सञ्चालनमा ल्याइएको हो । तर, राहदानी सेवा भने अझै शुरु हुन सकेको छैन । प्रदर्शनका क्रममा राहदानी सेवाको 'स्क्यानर मेसिन' र क्यामेरा फुटाइएकाले वैकल्पिक व्यवस्था नहुँदासम्म राहदानी सेवा बन्द नै रहने कार्यालयले जनाएको छ । 'केही दिनमा नै काठमाडौँबाट नयाँ उपकरण आउनेछ, त्यसपछि राहदानी सेवा पनि शुरु गर्नेछौँ,' प्रमुख खनालले बताए । यसअघि, कार्यालयले असोज १ गतेदेखि नागरिकता वितरण सेवा पुनः शुरु गरिसकेको थियो । सेवा सञ्चालन गर्न कार्यालय मर्मत–सम्भारको कामसमेत क्रमशः अगाडि बढाइरहेको छ । प्रमुख खनालका अनुसार आन्दोलनका क्रममा कार्यालयमा आगजनी हुन नदिए पनि तोडफोडका कारण करिब १५ लाख बराबरको क्षति पुगेको छ । रासस

# मिथिलामा 'दशहारा' पर्वको रौनक



**महोत्तरी ।**
जेन्जी प्रदर्शनका क्रममा धनजनको क्षति व्यहोरेका मधेशको प्राचीन मिथिला क्षेत्रका बासिन्दा ती दुःखहरू बिर्सँदै 'दशहारा' पर्वको तयारीमा जुटेका छन् । मैथिल बोलीचालीमा 'दशहारा' भनिने बडादशैँ पर्वको पहिलो दिन सोमबार देवी शक्तिपीठ, मन्दिर र देवी प्रतिमास्थलमा घटस्थापनाका लागि कलश यात्रा गरिएका छन् । महोत्तरी जिल्लाका जलेश्वरस्थित राजदेवीमाई, सन्सारीमाई, औरही–७ भोइलस्थित सोनामाई र बर्दिबासस्थित पञ्चधुरमाई प्राचीनकालदेखिका प्रमुख देवी शक्तिपीठ मानिन्छन् । यी शक्तिपीठसँगै बर्दिबास–१ र १४ स्थित दुर्गामन्दिर तथा सीतापुरबजारस्थित दुर्गा मन्दिरमा पनि घटस्थापनाका लागि कलश यात्रा गरिएको छ । यसैगरी जलेश्वर, मटिहानी, लोहारपट्टि, गौशाला, रामगोपालपुर र पिपरासहितका ठाउँमा देवी प्रतिमा स्थापित गरिएका छन् । यी सबै ठाउँमा वैदिक विधिपूर्वक घटस्थापना गरिन कलश यात्रा आयोजना गरिएको हो । यीबाहेक जिल्लाका सबैजसो स्थानीय तहका बस्तीबस्तीमा नयाँ देवी प्रतिमा स्थापित गरिएका छन् । यही असोज शुक्ल प्रतिपदादेखि नवमीसम्मको यो पर्वलाई नवरात्र भनिन्छ । पहिलो दिनदेखि नवौँ दिनसम्म देवी दुर्गाका विभिन्न रुपको आराधना गरिने यो पर्वमा पहिलो दिन घटस्थापनासँगै देवी शैलपुत्रीको पूजार्चना गरिएको छ । पहिलो दिन देवी प्रतिमास्थलमा घटस्थापनाका लागि एक हजार आठ कन्याले नयाँ माटाका घडामा पवित्र जलाशयबाट जल ल्याउन कलशयात्रा गरेका छन् । मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले सोमबार अपराह्न कलशयात्रा आयोजना गरिएको बताए । 'दशहारा पर्वले पुराना दुःख बिर्सेर नव सिर्जनाका लागि उत्प्रेरित गर्छ, हामी यो पर्व उमङ्ग र भक्तिका साथ मनाउने तयारीमा छौँ,' मण्डल भन्छन्, 'यसको प्रारम्भ सोमबार कलशयात्राबाट गरिएको छ ।' कलशयात्रामा एक हजार आठ कन्यासँगै नगरवासीको उत्साहबद्र्धक सहभागिता रहेको उनको भनाइ छ । मिथिलामा यसअघिदेखिका शक्तिपीठ र देवी मन्दिरमा श्रद्धालु भक्तजनले सोमबारदेखि दर्शन र पूजाआराधना गरिरहेका छन् । तर, माटो मुछेर प्रतिमा बनाई स्थापित गरिने देवीस्थलमा भने फूलपातिका दिन विशेष अनुष्ठान गरेपछि मात्र सर्वसाधारणले दर्शन गर्न पाउने परम्परा छ । यद्यपि यस्ता नवप्रतिमा स्थापित गरिने ठाउँमा पनि पहिलो दिनदेखि नै घटस्थापना गरी जमरा राखिने मैथिल परम्परा छ । घटस्थापनाका लागि पवित्र जल सञ्चय गरिनु पर्वको महत्त्वपूर्ण विधि रहँदै आएको मैथिल बताउँछन् । कलशयात्रामा सांस्कितिक झाँकी र बाजागाजासहित नगर÷गाउँवासी सहभागी भएको जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले बताए । अहिले देवी शक्तिपीठ, मन्दिर र प्रतिमा निर्माणस्थलमा सरसफाइ, रङरोगन र प्रतिमा सजधजका काममा आम मैथिल जुटेका छन् । यसैबीच बर्दिबास–१ चिहानडाँडा वन नजिकको दुर्गा मन्दिरमा नवरात्र उत्सव तथा पुजनोत्सवका लागि दुर्गा पूजा समिति–२०८२ ले आइतबार नै परिसरको सरसफाइ सम्पन्न गरेको छ । समितिले सोमबार बिहानै घटस्थापना प्रयोजनको जल सञ्चय कलशयात्रा गरेर पवित्र रातु नदीबाट ल्याइएको समितिका संयोजक सुमित्रा भट्टराईले जानकारी दिइन् । सोमबार घटस्थापना गरिएर जमरा राखिएपछि नवरात्रको नियमित पूजापाठ शुरु भएको छ । यस क्रममा नवरात्रको छैटौँ दिन षष्ठी तिथिमा बेलनोत (बेल निमन्त्रणा) र सप्तमीका दिन फूलपाती राखिने कार्यक्रम सम्पन्न गरिनेछन् । मिथिलामा नवस्थापित माटो मुछेर बनाइने देवी प्रतिमाको आँखा सप्तमी अर्थात् फूलपातिका दिन बिहान बेलको भेट्नुले खोस्रेर खोलिने मैथिल परम्परा छ । यो षष्ठीका दिन निमन्त्रणा गरिएको बेलको भेट्नुले खोस्रेर खोलिने हो । मिथिलामा बेलनौत र बेलटिपी क्रमश षष्ठी र सप्तमीका दिन सम्पन्न गरिन्छन् । यी दुवै विधि बाजागाजासहित उत्सवमय वातावरणमा सम्पन्न गरिने चलन छ । मिथिलामा दुईवटा नवरात्र मनाइन्छ । असोज शुक्लपक्षको नवरात्रलाई शारदीय र चैत शुक्लपक्षको लाई वासन्ती भनिन्छ । दुवै नवरात्रमा देवी पूजनका समान विधि भए पनि वसन्तीमा जमरा राख्ने चलन छैन । यसैगरी मिथिलामा शारदीय नवरात्रपछि दशमी तिथिमा टीका लगाउने स्थापित परम्परा नभए पनि देवीप्रसादका रुपमा जमरा लगाइन्छ । यद्यपि पछिल्ला केही दशकयता पहाडी÷मधेशीबीचको सांस्कृतिक घुलमिलले अब मिथिलामा पनि दशमीका दिन टीका लगाउने चलन बढ्दै गएको छ । अहिले शारदीय नवरात्र प्रारम्भसँगै मिथिलाका बस्तीबस्तीमा झिझिया नृत्यका कार्यक्रमको तयारी छ । यसैगरी यहाँका युवा पुस्ता नवरात्रलाई उत्सवमय र मनोरञ्जक बनाउन लिङ्गेपिङ गाड्ने तयारीमा देखिँदा छन् । मिथिलामा दुर्गामेलाको परम्परा हुँदा कैयौँ ठाउँमा जात्राको तयारी छ । दुर्गा मेला हेर्न जाने भन्दै अहिलेदेखि नै स–साना नानीहरू अभिभावकलाई मनाउन लागिपरेका छन् । रासस

# १९ किलो चरेस बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साबाट सशस्त्र प्रहरीले १९ किलो लागूऔषध चरेस बरामद गरेको छ । पोखरिया नगरपालिका–७ जगतपुर गाउँस्थित बाख्रा राख्ने छाप्रोमा कालोझोला भित्र लुकाइ राखेको अवस्थामा प्रहरीले चरेस बरामद गरेको हो । बिओपी प्रसौनी भठ्ठाबाट सहायक प्रहरी निरीक्षक चेतन बाहुकोटीको नेतृत्वमा गएको टोलीले बरामद गरेको चरेसको १९ किलो १२६ ग्राम रहेको सशस्त्र प्रहरीले जनाएको छ । बरामद चरेस इलाका प्रहरी कार्यालय पोखरियामा बुझाउने तयारी गरिरहेको जनाएको छ ।

# बिदामा पनि उच्च अदालतको इजलास



**मधेशदृष्टि**
**सप्तरी ।**
दशैँ बिदाको समयमा पनि उच्च अदालत जनकपुर राजविराज इजलासले आवश्यक कामकाज निरन्तर गर्ने भएको छ । अदालत असोज ६ देखि २० गतेसम्म बन्द हुने भए पनि न्याय प्रशासन ऐन, २०७३ को दफा २६९(१०९ख) बमोजिम बन्दी प्रत्यक्षीकरणका निवेदन, सुनुवाइ, पक्राउ पुर्जी अनुमति तथा जरुरी पक्राउ पुर्जी जस्ता काम निरन्तर हुने जनाइएको छ ।
उच्च अदालतका रजिष्ट्रार लोकनाथ पराजुलीले सूचना जारी गर्दै घटस्थापना, विजया दशमी, कोजाग्र पूर्णिमा र शनिबार बाहेक अन्य दिन बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म अदालत खुला रहने जानकारी दिएका छन् । सूचनामा भनिएको छ, 'बिहान १० बजे दर्ता भएको बन्दी प्रत्यक्षीकरण सोही दिन इजलासमा पेस हुनेछ भने दिउँसो १ बजेपछि दर्ता भएको निवेदनको सुनुवाइ भोलिपल्ट हुनेछ ।' यसैगरी, सप्तरी जिल्ला अदालतले पनि असोज ६ देखि २० गतेसम्म बिदा रहने तर घटस्थापना, विजया दशमी, कोजाग्र पूर्णिमा र शनिबार बाहेकका दिन आवश्यक परेको अवस्थामा मात्र पक्राउ अनुमति दिने कार्य हुने जनाएको छ ।

# तीन सय क्वीन्टल खाद्यान्न फिर्ता

**सिरहा ।**
जेन्जी प्रदर्शनका क्रममा सिरहाको लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीको गोदामबाट लुटिएको खाद्यान्नमध्ये ३०० क्वीन्टल चामल र चिनी फिर्ता भएको छ । लहान नगरपालिका–१ स्थित सो गोदाममा भदौ २४ गते भएको लुटपाटमा चामल, चिनी, धान, जुट्का बोरा र कार्यालय सामग्रीसमेत लुटिएको थियो । कार्यालयका अनुसार लुटिएको कुल खाद्यान्नमध्ये हालसम्म २९३ क्वीन्टल ४३ किलो चामल र सात क्वीन्टल ८४ किलो चिनी फिर्ता भएको छ । खाद्य कम्पनी लहान शाखाका प्रमुख दीपक सुनारले फिर्ता गरिएका खाद्यान्न इलाका प्रशासन कार्यालय, इलाका प्रहरी तथा स्थानीय युवाको सहयोगमा सङ्कलन गरिएको जानकारी दिए । त्यसैगरी स्टिल दराज ६ थान, सोफा दुई थान, काठको खाट एक थान, कुर्सी दुई थान, घुम्ने कुर्सी एक थान र त्रिपाल एक थान सामग्री पनि फिर्ता भएको उनले जानकारी दिए । चार वटा गोदामबाट लुटिएको सम्पूर्ण सामग्रीमध्ये आठ हजार १४८ क्वीन्टल चामल, तीन हजार २२० क्वीन्टल चिनी, ५३ क्वीन्टल २१ किलो धान र ९८ हजार ८१५ थान जुटका बोरा रहेका थिए, जसको अनुमानित मूल्य करिब १० करोड ९१ लाख रुपैयाँभन्दा बढी रहेको प्रमुख सुनारले बताए । रासस

# चिनिमिल आवास क्षेत्रबाट पुरुषको उद्धार

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१४ स्थित चिनिमिल आवास क्षेत्र (पर्यटन विकास कार्यालय अगाडि) बाट सोमबार दिउँसो एक पुरुषलाई उद्धार गरिएको छ । अन्दाजी ३५ वर्षको देखिने ती पुरुषले आफ्नो नाम, थर र ठेगाना स्पष्ट रुपमा भन्न नसकेको मानवसेवा आश्रमले जनाएको छ । उद्धार कार्यमा आश्रमका संस्थापक अभियन्ता देवेश गुप्ता, सामाजिक अभियन्ता प्रकाश थारु, उद्योग वाणिज्य संघ पर्साका अध्यक्ष तथा आश्रमका अभिभावक परिवार संयोजक हरि गौतम, आश्रमका केन्द्रीय सदस्य विवेक महतो, प्रहरी चौकी गण्डकका प्रहरी हवल्दार लाल बाबु प्रसाद कुशवाहा तथा आश्रमका स्वयंसेवकहरूको भूमिका रहेको थियो । उद्धारपछि आश्रममा ल्याइएका ती पुरुषलाई नुहाइधुवाइ तथा सरसफाइ गराइएको छ । उनको स्वास्थ्य परीक्षण र आवश्यक उपचार आश्रमका नियमित चिकित्सक डा. भरत गोईंको निगरानीमा गरिने आश्रमले जनाएको छ । मानवसेवा आश्रमले समाजमा असहाय, बेसाहारा र उपचारविहीन अवस्थामा रहेका व्यक्तिहरूलाई उद्धार गरी उपचार, पुनर्स्थापना र सामाजिक पुनःएकीकरणमा सहयोग गर्दै आएको छ ।

# आधा दर्जन पालिकाको खाता अझै सञ्चालनमा आएन

**सिरहा ।**
चालु आर्थिक वर्ष शुरु भएको दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि सिरहाका आधा दर्जन पालिकाले अझै बैंक खाता सञ्चालनमा ल्याउन सकेका छैनन् ।
आवश्यक कानुनी प्रक्रिया पूरा गर्न नसक्दा ती पालिकाहरूको खाता सञ्चालनमा आउन नसकेका हुन् । कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहाका सूचना अधिकारी तथा कोष नियन्त्रक दीपेशकुमार शर्माका अनुसार जिल्लाका १७ मध्ये ११ वटा पालिकाको खाता सञ्चालनमा आइसकेको छ भने बाँकी ६ वटा पालिकाको खाता हालसम्म पनि सञ्चालनमा आएको छैन । खाता सञ्चालनमा नआएका पालिकाहरूमा धनगढीमाई, सुखीपुर, सिरहा नगरपालिका, साथै भगवानपुर, बिष्णुपुर र बरियारपट्टी गाउँपालिका रहेका छन् । शर्माका अनुसार खाता सञ्चालनका लागि पालिकाले चालु आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट नगर वा गाउँसभाबाट पारित गरी कार्यालयमा बुझाउनु आवश्यक हुन्छ ।
साथै, पालिका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक अधिकार नदिएसम्म खाता सञ्चालन गर्न पाइँदैन ।
सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त स्रोत खर्च गर्दा पनि कानुनी प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था छ । बैंक खाता सञ्चालन नहुँदा ती पालिकाहरूमा कर्मचारीको तलब, भत्ता, विकास निर्माणलगायतका आर्थिक गतिविधिहरू प्रभावित भएका छन् ।
हालसम्म खाता सञ्चालनमा आइसकेका ११ पालिकामा सखुवानन्कारकट्टी, नवराजपुर, लक्ष्मीपुर पतारी, अर्नमा, औरही, नरहा गाउँपालिका र लहान, गोलबजार, कल्याणपुर, कर्जन्हा, मिर्चैया नगरपालिका रहेका छन् । रासस

# जेन्जी आन्दोलनबाट सर्लाहीमा ६३ करोड भन्दा बढी क्षति




**राजिव साह**
**सर्लाही ।**
सर्लाहीमा जेन्जी आन्दोलनको क्रममा भएको क्षति विवरण जिल्ला प्रशासन कार्यालय सर्लाहीले सार्वजनिक गरेको छ । जिल्ला प्रशासनले दिएको विवरणअनुसार जिल्लामा ६३ करोड भन्दा बढीको क्षति भएको हो । जिल्लामा ६ वटा पूर्ण क्षति, ४ वटा आंशिक क्षति र ७ वटा सामान्य क्षति भई कूल ६३ करोड ५५ लाख रुपैयाँ बराबरको नोक्सानी भएको छ । त्यस्तै, सार्वजनिक सेवामा असर परेको विवरणअनुसार हाल ७२ वटा कार्यालय पूर्ण रूपमा सञ्चालनमा रहेका छन् भने ६ वटा कार्यालय आंशिक रूपमा सञ्चालनमा रहेको छ । सहायक प्रमुख जिल्ला अधिकारी शिव हरि पोखरेलले व्यक्तिगत तथा निजी सम्पत्तिमा भएको क्षतिको विस्तृत विवरण संकलन भइरहेको र प्राप्त भएपछि सार्वजनिक गरिने जानकारी दिए ।

## युवक मृत्यु प्रकरणः

# एक जना जेल, चार जना अझै फरार



**मधेशदृष्टि**
**रौतहट ।**
कर्तव्य ज्यान मुद्दामा संलग्न भएको अभियोगमा रौतहटको कटहरिया नगरपालिका–५ का २५ वर्षीय गर्भु दास सराङलाई पुर्पक्षका लागि जेल चलान गरिएको छ । जिल्ला अदालत रौतहटका न्यायाधीश विश्वदीप बेस्राको इजलासले सराङलाई थुनामा पठाउने आदेश दिएको हो । साउन १ गते कटहरिया नगरपालिका–४ का सञ्जय यादव र विजय यादवले स्थानीय २५ वर्षीय नसिव बैठालाई मोबाइल चोरी गरेको आरोपमा कुटपिट गरेका थिए । कुटपिटकै क्रममा बैठाले मोबाइल ल्याउन पठाउने व्यक्तिमा गर्भु दास सराङ र ३० वर्षीय दिपलाल यादवको नाम लिएका थिए । भोलिपल्ट मोबाइलका धनी सञ्जय र विजयले नसिव बैठा र गर्भु दासविरुद्ध इलाका प्रहरी कार्यालय कटहरियामा उजुरी दिएका थिए । तर, प्रहरीले गरेको पञ्चायती छलफलमा चोरी पुष्टि हुन नसकेपछि दुवैलाई छोडिएको थियो । त्यसपछि बैठाको स्वास्थ्य बिग्रँदै गयो र उपचारका क्रममा भदौ ११ गते उनको मृत्यु भयो । भदौ १५ गते मृतक बैठाकी आमा सुनैना देवी बैठाले सञ्जय यादव, विजय यादव, गर्भु दास सराङ, प्रभु दास सराङ र शम्भु दास सराङविरुद्ध कर्तव्य ज्यान मुद्दामा जाहेरी दिएकी थिइन् ।
हालसम्म गर्भु मात्र पक्राउ परेका छन् भने अन्य चार जना फरार रहेका छन् । गर्भुका बुवा रामचन्द्र सराङ र आमा पुकारी देवीले भने छोरामाथि लगाइएको अभियोग असत्य रहेको दाबी गरेका छन् । उनीहरुले प्रहरी प्रशासनको मिलेमतोमा निर्दोषलाई फसाइएको आरोप लगाए । वडा सदस्यसमेत रहेकी पुकारी देवीले गाउँकै केही व्यक्तिहरूको राजनीतिक पूर्वाग्रहका कारण षड्यन्त्रपूर्वक आफ्ना छोरामाथि हत्या मुद्दा लगाइएको गुनासो गरिन् । उनले प्रहरी प्रशासनले सत्य तथ्य छानबिन गर्नुको सट्टा बाह्य प्रभावमा परी आफ्ना छोरालाई दोषी बनाएको भन्दै असन्तुष्टि व्यक्त गरिन् । यता, उनीहरूका आरोपबारे सोधिएको प्रश्नमा तत्कालीन इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीले आफूमाथि लागेको आरोप पूर्णतः निराधार भएको बताएका छन् । उनले कानूनअनुसार अनुसन्धान भएको र कसैलाई फसाउने उद्देश्य नरहेको प्रष्ट पारे ।

# कलशयात्रा र जमरा स्थापित गर्दै दशैंको शुरुवात



**मधेशदृष्टि**
**सप्तरी ।**
बडादशैंको पहिलो दिन सप्तरी जिल्लाका शक्तिपिठहरुमा जमरा राखि सविधि पुजापाठ शुरु भएको छ । प्रसिद्ध शक्तिपिठ छिन्नमस्ता, कंकालिनी, राजदेव, भगवती, डाक्रेश्वरी लगायत जिल्ला भरिका शक्तिपिठहरुलाई बेहुलीझैं सिंगारिएको छ । यस्तै जिल्लाको विभिन्न स्थानमा दुर्गा भवानीको आकर्षक प्रतिमा निर्माण गरि सविधि पुजापाठ शुरु भएको हो । पुजाको पहिलो दिन सोमबार प्रत्येक शक्तिपिठका साथै घरघरमा जमरा राखि घटस्थापना र दुर्गा भवानीको पुजापाठ शुरु गरिएको छ । यस अवसरमा जिल्लाको विभिन्न शक्तिपिठहरुबाट कलशयात्रा समेत निकालिएको छ । कलशयात्रा सयौं महिला÷पुरुष सहभागी भएका थिए । कसैले सप्तकोशी र त्रियुगा नदी तथा कसैले नजीकको जलाशयहरुबाट पवित्र जल भरेर पुजा स्थलसम्म लगेका थिए । कलश यात्राको क्रममा संकलन गरिएको पवित्र जल प्रतिमा सेलाउने दिन विसर्जन गर्ने धार्मिक परम्परा रहेको पण्डित रुपकान्त मिश्र बताउँछन् । नवदुर्गाका सबै रुपलाई घटस्थापनादेखि नवमीसम्म हरेक दिन विहान–बेलुका पुजापाठ गर्ने चलन रहिआएको छ ।

# बाटो मर्मतमा रुपनी गाउँपालिका सक्रिय

**मधेशदृष्टि**
**सप्तरी ।**
दशैँको मुखमा सडक हिलाम्य भएपछि सप्तरीको रुपनी गाउँपालिकाले रातिको समयमा समेत सडक मर्मतको काम शुरु गरेको छ ।
निरन्तर वर्षाका कारण विभिन्न वडाका सडकमा हिलो जमेर आवतजावतमा समस्या भएपछि जनताको मागअनुसार पालिकाले तत्काल ग्राभेल हाल्ने काम अघि बढाएको हो । आइतबार राति अबेरसम्म वडा नम्बर–३ कटैयाको कृषि सडकमा अध्यक्ष दिनेशकुमार यादव स्वयं उपस्थित भएर मर्मत कार्य गराइएका थिए । अध्यक्ष यादवले भने, 'जनताको सेवकका रूपमा जुन बेला पनि जनताकै कामलाई प्राथमिकता दिने मेरो दायित्व हो ।
यसमा दिन वा रातको कुनै बन्धन छैन, आवश्यक परेको बेला खटिनै पर्छ ।' यद्यपि, केही स्थानमा अझै काम अधुरो रहेको र त्यसलाई छिट्टै पूरा गर्ने तयारी भइरहेको उनको भनाइ छ ।
स्थानीयवासीले सडकमा ग्राभेल हालिएपछि आवतजावत सहज भएको बताएका छन् । नेपाली कांग्रेस रुपनी गाउँपालिकाका सचिव ज्ञानेन्द्र ईसरका अनुसार सडक हिलो भएर यातायात अवरुद्ध भएपछि जनताले निरन्तर दबाब दिएका थिए । 'सडक मर्मत हुँदा गाउँपालिकाका अध्यक्ष आफैं उपस्थित भएर काम अघि बढाएको देख्दा स्थानीयहरूले खुसी व्यक्त गरेका छन्,' उनले भने । सडक मर्मतको काम भएपछि स्थानीय राजनीतिक कार्यकर्ता र सर्वसाधारण दुवैले अध्यक्ष यादवप्रति धन्यवाद व्यक्त गरेका छन् ।

# इन्स्पेक्टर यादव महिनाको उत्कृष्ट प्रहरी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उत्कृष्ट प्रहरी कार्यका निम्ति जिल्ला प्रहरी कार्यालय धनुषाले इन्स्पेक्टर जटाशंकर यादवलाई महिनाको उत्कृष्ट प्रहरी घोषणा गरेको छ । इलाका प्रहरी कार्यालय ढल्केवरमा कार्यरत इन्स्पेक्टर यादवले अपराध नियन्त्रणमा उल्लेख्य भूमिका खेलेका कारण महिनाको उत्कृष्ट प्रहरी घोषणा गरिएको जिल्ला प्रहरी प्रमुख एसपी नरहरि रेग्मीले बताए । उनले जेन्जी आन्दोलनका क्रममा कार्यालयको सुरक्षा, भौतिक तथा मानवीय क्षति हुन नदिने काममा महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

# ट्रक र पिकअप ठोक्किँदा दुई जना घाइते



**मधेशदृष्टि**
**सर्लाही ।**
पूर्वपश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको फूलजोर पुल नजिक सोमबार बिहान ट्रक र पिकअप भ्यान ठोक्किँदा दुवै चालक घाइते भएका छन्। दुर्घटनापछि दुबै सवारीसाधन सडक छेउबाट तल खसेका थिए । इलाका प्रहरी कार्यालय लालबन्दीका अनुसार बिहान साढे ४ बजेतिर लालबन्दी नगरपालिका–१७ रानिगन्जमा प्रदेश ३–०३–००१ ख ००६७ नम्बरको ट्रक र प्रदेश २–०१–००१ च ३८८ नम्बरको पिकअप आपसमा ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनामा ट्रक चालक मकवानपुर मनहरी गाउँपालिका–४ का ३७ वर्षीय राजेन्द्र लामा र पिकअप चालक सिरहा कर्जन्हा नगरपालिका–४ का ३२ वर्षीय दुर्गा विक घाइते भएको प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीले जानकारी दिए । प्रहरी निरीक्षक जोहारीका अनुसार घाइते दुबैजनालाई तत्कालै लालबन्दीस्थित मोडेल अस्पतालमा उपचारका लागि भर्ना गरिएको छ । ट्रक चालक लामालाई टाउको र शरीरका विभिन्न भागमा गम्भीर चोट लागेकाले उनको अवस्था चिन्ताजनक रहेको बताइएको छ । पिकअप चालक विक भने सामान्य घाइते भएको र चिकित्सकको निगरानीमा रहेको प्रहरीले जनाएको छ । दुर्घटनापछि केही समय राजमार्गमा सवारी आवागमन अवरुद्ध भएको थियो । प्रहरीले दुवै सवारीसाधनलाई नियन्त्रणमा लिई थप अनुसन्धान शुरु गरेको छ ।

# निषेधाज्ञा हटाइयो

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रशासन कार्यालय रौतहटले गौर नगरपालिकामा लागू गरेको निषेधाज्ञा हटाएको छ । जिल्लामा शान्ति सुव्यवस्था सामान्य हुँदै गएको कारण सोमबार बिहान ५ बजेदेखि यो आदेश हटाइएको हो । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६९क र ६९ख बमोजिम भदौ २८ गतेदेखि गौर नगरपालिकाभित्र पूर्वमा नेपाल लज, पश्चिममा गौर घण्टाघर, उत्तरमा कृषि ज्ञान केन्द्र र दक्षिणमा जुद्ध उच्च माविसम्म निषेधाज्ञा जारी गरिएको थियो । यसैबिच, रौतहटको चन्द्रनिगाहपुरमा यात्रु सहायता कक्ष सञ्चालन गरिएको छ । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले संयुक्त रूपमा यात्रु सहायता कक्ष सञ्चालन गरेका हुन् । आन्दोलनले कार्यालय क्षतिग्रस्त बनेपनि आफ्नो काम, कर्तव्य अनुरूप चाडपर्व लक्षित यात्रु सहायता कक्ष शुरु गरिएको प्रहरीले जनाएको छ ।

## सम्पादकीय

# निर्यातमा पनि अपेक्षाकृत सुधार

*वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको दुई महिनामा एक खर्ब ४६ अर्ब ६४ करोड रुपैयाँ बराबरका वस्तु तथा सामान भित्रिएका छन् । अघिल्लो आर्थिक वर्षको दुई महिनाको तुलनामा चालु आर्थिक वर्षमा यो नाका हुँदै २० प्रतिशत बढी समान भित्रिएको हो । अर्थात् हामी निरन्तर आयातमुखी भएका छौँ । गत आवको दुई महिनाको अवधिमा एक खर्ब २२ अर्ब ३२ करोड रुपैयाँ बराबरका वस्तु तथा सामान भित्रिएको थियो । उसो त अघिल्लो आर्थिक वर्षको दुई महिनाको तुलनामा चालु आर्थिक वर्षमा आयातसँगै केही निर्यात पनि वृद्धि भएको छ भनेर चित्त बुझाउनु पर्ने अवस्था छ । निर्यात बढेको देखेर केही आसा पनि जगाएको छ।*

*आयातसँगै राजस्व सङ्कलन बढेको छ । वीरगंज भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षको दुई महिनाको तुलनामा चालु आर्थिक वर्षको दुई महिनामा यो नाका हुँदै हुने निर्यातमा पनि उल्लेखनीय सुधार भएको छ । गत आवको दुई महिनामा छ अर्ब पाँच करोड रुपैयाँको सामान विदेशमा निर्यात भएको थियो । तर, चालु आवको दुई महिनामा यो नाका हुँदै १७ अर्ब तीन करोड मूल्य बराबरको सामान निर्यात भएको छ । गत आवको दुई महिनाको तुलनामा चालु आवमा १० अर्ब ९८ करोड रुपैयाँ बढीको सामान निर्यात भएको हो । यसले अघिल्लो वर्षको तुलनामा बढाएको निर्यात तथ्यांकले नेपाली उत्पादन अन्तर्राष्ट्रिय बजारमा माग बढ्दो देखाएको छ। यो तथ्यलाई निरन्तरता दिन हामीले अन्तर्राष्ट्रिय बजारको माग अनुसारको उत्पादन क्षमता बढाउँदै लैजानु पर्नेछ । बजारको माग अनुसार उत्पादनका लागि राज्यले पनि सरल नीति बनाएर उत्पादनकर्ताहरुलाई हौसला दिनु पर्छ, उत्साहित पार्नुपर्छ। यो वर्ष जेन्जी आन्दोलनले हामी निकै तल परेका छौँ । यसरी नै निर्यात आँकडा बढाउन सक्ने उत्पादन यो वर्ष राज्य र उत्पादनकर्ताको योजनामा पर्नसके केही क्षतिपूर्ति भरण हुनेमा शंका छैन।*

# विषम परिस्थितिमा पालिकाहरु सञ्चालन विधि



कृष्णहरि बास्कोटा

भदौ २३ र २४ गते मूलतः भ्रष्टाचारको विरोध र सुशासनको पक्षमा 'जेन जी' पुस्ताले आह्वान गरेको आन्दोलनपछि मुलुकको राजनीतिमा ठूलो फेरबदल भएको छ। यस आन्दोलनमा केही स्थानीय तहमा पनि क्षति पुगेको छ । यस स्थितिमा ७५३ वटा स्थानीय तहमा उदाएका सिंहदरबाररुपी स्थानीय सरकारले तत्कालका लागि के कसरी काम गर्न सक्दछन् भन्ने केही खाकाका बारेमा यहाँ चर्चा गर्न खोजिएको छ।

**शीघ्र पालिकाको नियमित सञ्चालनः** सबै नगरपालिका र गाउँपालिकाका केन्द्रहरु साबिकमा झैँ निरन्तर सञ्चालनमा रहनुपर्छ । हालको असहज परिस्थितिमा केही दिनका लागि निश्चित समयमा मात्रै पालिकाको केन्द्र र वडा कार्यालयहरु खोल्ने प्रबन्ध गर्न सकिन्छ। यसरी पालिका सञ्चालन गर्दा वरिपरि रहेका चियापसल, फोटोकपी पसललगायतको सहयोग लिनुपर्छ। कैयौँ पालिका र वडा कार्यालयको भवन तोडफोड भएको छ। यस अवस्थामा सम्भव भएसम्म स्थानीय कच्चापदार्थको सङ्कलन गरी पाल वा अस्थायी टहरा निर्माण गरी सेवा सञ्चालन गर्नुपर्छ।

हाल केही पालिकाका प्रमुख वा अध्यक्ष तथा वडाध्यक्षहरुकै घरबाट सेवा सञ्चालन भइरहेको बुझिएको छ । यस अवस्थामा स्कुल, स्वास्थ्यचौकी वा सामुदायिक भवनबाट पनि सेवा प्रवाह गर्न सकिन्छ । मूल कुरो, पालिका र वडा कार्यालयहरुलाई गुलजार बनाउन दैनिक कुनै एउटा विषयमा नागरिक भेला वा पालिकाको बैठक बोलाउनु उपयुक्त हुनेछ। यसले पालिका र वडाप्रति सरोकारवाला जनताको अपनत्व वृद्धि गर्दछ।

**सुरक्षामा ध्यान दिनेः** हालको परिस्थितिमा केही पालिकाहरु सेवा प्रवाह गर्न 'पर्ख र हेर' को अवस्थामा रहेको बुझिन्छ । यस स्थितिमा सुरक्षा चुनौतीमा सतर्कता अपनाउँदै आम जनताले पाउने सेवा प्रवाहबाटै जनसमर्थन बटुल्न सक्रिय हुनुपर्छ । यस क्रममा प्रहरीचौकीलाई पालिकाहरुले तत्कालै आवश्यक सहयोग गर्नुपर्छ । प्रहरीको मनोबल पनि उच्च गर्नुपर्छ। नेपाल प्रहरी र पालिकाका नगर प्रहरीबीच समन्वय गरी समुचितरुपमा परिचालन गर्नुपर्छ । साथै, पालिकाका निर्वाचित पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतहरुले प्रमुख जिल्ला अधिकारी (सिडियो) र जिल्ला प्रहरी प्रमुखसँग नियमित सम्पर्कमा रहनुपर्छ। सम्भव भएमा उहाँहरुलाई पालिका निरीक्षणका लागि आमन्त्रण गर्नुपर्छ।

पालिकामा काम गर्ने जनप्रतिनिधि, कर्मचारी र पालिकामा सेवा लिन आउने सेवाग्राही सबैले सुरक्षाको अनुभूति गर्नुपर्छ । यसका लागि पालिकाको केन्द्र र वडाको केन्द्र नजिकको टोल विकास संस्थाहरुलाई परिचालन गर्नुपर्छ । नेटवर्कमा रहनुपर्छ । आवश्यकतानुसार युवाहरुको स्वयंसेवक सञ्जाल गठन गर्न सकिन्छ । यस अतिरिक्त, पालिकाभित्रका भूपू प्रहरी र सेनालाई आगामी केही महिनाका लागि म्यादी प्रहरीमा नियुक्ति गर्न पनि सकिन्छ। यिनले फागुन २१ गते हुने निर्वाचनमा सघाउन पनि सक्छन् । पालिकाभित्रको मुख्यमुख्य स्थानमा सिसी क्यामरा जडान गर्नुपर्छ । यसरी निर्वाचित जनप्रतिनिधि र कर्मचारीले आप्m नो सुरक्षाका साथै पालिकावासीमा सुरक्षाको प्रत्याभूति दिनुपर्छ।

**सामूहिक रुपमा काम गर्नेः** एकता नै बल हो। यही मान्यताका आधारमा केही दिनका लागि तोकिएको समयमा निर्वाचित प्रतिनिनिधि र कर्मचारीसँगै बसेर काम गर्दा पालिका र वडाहरुको सेवा प्रवाहलाई लयमा आउन मद्दत पुग्छ । वडामा पनि वडाध्यक्ष, सदस्यहरु, वडा सचिव र कर्मचारी साथमै रहनु बेस हुन्छ । यस्मा कृषि र पशुका फिल्डमा खटिने प्राविधिक कर्मचारी पनि साथमै रहनु उचित हुनेछ । फिल्डमा खटिँदा समूह बनाएर जाँदा राम्रो हुन्छ । सबै पालिकाले सर्वपक्षीय बैठकको आह्वान गर्नुपर्छ । पालिकाभित्रका बुद्धिजीवी, समाजसेवी, आमा समूह, नागरिक समाजका अगुवा, ज्येष्ठ नागरिक लगायतसँग निरन्तर छलफल गरी पालिका र वडाको कामलाई निरन्तता दिनु समयको माग हो।

**स्कुल सञ्चालन गर्नेः** पालिकाहरुले पहिलो प्राथमिकतामा राखेर विद्यार्थीको पठनपाठनलाई सञ्चालन गर्नुपर्छ। हुनतः घटस्थापनापछि स्कुलहरु दसैँ छुट्टीमा जाने हुँदा दसैँपछिको योजना निर्माण गरे पनि हुन्छ । पालिकाभित्रका स्कुलहरु सञ्चालन गर्दा केही दिन भूपूशिक्षक र अभिभावकलाई पनि स्कुलमा आमन्त्रण गर्न सकिन्छ । साथै, सोही स्कुलमा पठनपाठन गरेका पूर्वविद्यार्थीलाई पनि छलफलमा डाक्न सकिन्छ । स्कुलको सञ्चालक समितिका सदस्यहरु दैनिक स्कुल गई पठनपाठनलाई उत्प्रेरित गर्नुपर्छ । स्कुल सञ्चालनले पनि पालिकालाई जीवन्त तुल्याउन प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सघाउँछ।

**स्वास्थ्य चौकी सञ्चालन गर्नेः** पालिकाभित्रका स्वास्थ्य चौकीहरु सञ्चालनमा आएको प्रचारप्रसार गरी बिरामीहरुलाई फोन गरेरै स्वास्थ्यचौकी र अस्पतालको सेवाका लागि आमन्त्रण गर्नुपर्छ । पालिकाका वडाध्यक्ष, स्वास्थ्य शाखाका कर्मचारी र सबै स्वास्थ्यकर्मी एकसाथै स्वास्थ्य चौकीमा उपस्थित भई जनताको सेवा गर्नुपर्छ । यसै समयमा पुराना बिरामीलाई पनि 'फलोअप'का लागि फोन गरेर बोलाउनुपर्छ । यी सबै प्रकारका सक्रियताले पालिकामा चहलपहल बढ्छ र पालिकाको साख पनि उच्च हुन्छ।

**कर्मचारीको बिदाः** यसपटक फूलपातीअघि कुनै पनि कर्मचारीलाई बिदामा छोड्नु हँुदैन । साथै, निर्वाचित जनप्रतिनिधिहरुले पनि पालिका छोड्नु हुँदैन । बेलाबखत निर्वाचित पदाधिकारी र कर्मचारीको घर वा आवासमा भेला भई जनताको हितका विषयमा छलफल गर्न सकिन्छ । यसअनुसार तत्काल गर्न सकिने काम तुरुन्त गरी बाँकी कामलाई जनसहभगिताका आधारमा अघि बढाउनुपर्छ।

**अनावश्यक सुविधा नलिनेः** प्रचलित कानुनबमोजिम तोकिएको सुविधाबाहेक आप्mनो तजबिजी अधिकार प्रयोग गरी निर्वाचित पदाधिकारी र कर्मचारीहरुले कुनै पनि सुविधा लिनु हुँदैन । व्यक्तिगत कामका लागि पालिका छोडेर जाने र काज भत्ता लिने खाने गर्नु हुँदैन । निर्वाचित जनप्रतिनिहरु नै आर्थिक अनुशासनमा 'रोल–मोडेल' हुनुपर्छ र कर्मचारीलाई प्रेरित गर्नुपर्दछ।

**प्रविधिको प्रयोग गर्नेः** हाल पालिकाहरुले सञ्चालनमा ल्याएका सूत्रलगायतको सप्mटवेयर सञ्चालन गर्नुपर्छ । पालिकाका समग्र सूचना एकभन्दा धैरै कम्प्युटरमा राख्नुपर्दछ । सूचना प्रविधि सञ्चालन हुन नसकेमा तत्कालका लागि उपयुक्त वैकल्पिक व्यवस्था गर्नुपर्छ । पालिकाले निश्चित उद्देश्यका लागि अस्थायी सिफारिस जारी गरी समयावधि किटानी गर्न सकिन्छ । यसरी कम्प्युटरमा 'डाटा इन्ट्री' नगरी हालका लागि 'म्यानुयल' सेवा प्रवाह गरी 'पोष्ट डाटा इन्ट्री' गर्न सकिन्छ । मूलकुरो, सेवाका लागि आग्रह गर्ने जनतालाई तत्कालै सम्बोधन गर्नुपर्छ । यसअनुसार सके सेवा दिने र नसके उचित सूचना दिने प्रबन्ध गर्नुपर्छ।

**पर्वहरुमा कार्यक्रम सञ्चालन गर्नेः** नेपालीको महान् पर्व दशैँ, तिहार, छठलगायतका पर्वहरु आँगनमै आइसकेका छन् । यस अवस्थामा पालिकाले पिङ राख्ने, सरसफाइ गर्ने, मठमन्दिरमा रङरोगन गर्ने, पोखरी बनाउने, विभिन्न पर्वको शुभकामना तुल वा फ्लेक्स टाँग्ने कार्य गर्नुपर्छ । साथै, आपूर्ति व्यवस्थामा सघाउने, बजार अनुगमन र उपभोक्ता जागरण कार्यक्रम सञ्चालन गर्ने तथा सुपथ मूल्यका पसल खोल्न पहल गर्नुपर्छ । यस अतिरिक्त, चाडपर्वभरि स्वास्थ्य सेवा दिन स्वास्थ्य चौकी खोल्ने प्रबन्ध पनि मिलाउनुपर्छ।

**जिससको भूमिका खोजी गर्नेः** हरेक जिल्लाभित्रका पालिकाहरुको सञ्जालका रुपमा रहेको जिल्ला संयोजन समितिमा तत्काल र नियमित रुपमा बैठक बस्नुपर्छ । यसबाट असल अभ्यासको आदानप्रदान हुन्छ । पालिकामा भइरहेका रचनात्मक गतिविधिको अनुगमन गर्नु गराउनुपर्छ । अन्तरपालिका बैठकमा जोड दिनुपर्छ । यी सबै कार्यले राष्ट्रिय एकता, सद्भाव र शान्ति कायम गर्न मद्दत पुग्छ।

**राहत घोषणा गर्नेः** यस असजिलो अवस्थामा सहयोगको अपेक्षा गर्ने नागरिकलाई पालिकाले राहतको घोषणा गर्नुपर्छ । यसै बखत, राजस्वमा दिइएको छुट सुविधाको प्रचार गरी समयमा राजस्व नतिरेबापत लाग्ने दण्ड जरिवानाका लागि एक महिनाको अवधि थप गरिदिनुपर्छ । यो कार्य सङ्घीय सरकारबाट भइसकेको छ । साथै, राजस्व परामर्श समितिको बैठक डाकी उद्यमी र व्यापारीमा उत्साह तथा ढाडस दिनुपर्छ।

**गैससँग साझेदारी गर्नेः** समाजको हितमा गैससहरु पनि लागिपरेका छन् । यसर्थ, उनीहरुद्वारा सम्पादित कामको प्रशंसा गर्दै पालिकासँग सहकार्य एवं साझेदारीका लागि आह्वान गर्नुपर्छ। साथै, आमा समूह, उपभोक्ता समूह, टोल विकास संस्थाहरु लगायतसँग थप साझेदारीका लागि आग्रह गर्नु पालिकाको हितमा हुनेछ।

**अन्य रचनात्मक काम गर्नेः** यस अवस्थामा बिजुली बत्ती बन्द हुन नदिन पालिकाले विशेष पहल गर्नुपर्छ। रातिको समयमा होहल्ला हुन नदिन स्थानीयको सहयोग लिनुपर्छ । यदि पालिकाको कागजात नष्ट भएको छ भने नयाँ फाइल सिर्जनाको पहल आरम्भ गर्नुपर्छ । यस अवस्थामा कुनै विकास निर्माणको काम अघि बढाउन सकिने भए त्यस्को पहल गर्नुपर्छ । पालिका र वडा कार्यालयहरुलाई तत्काल सञ्चालनमा ल्याई जनताको विश्वास आर्जन गर्न विशेष पहल गर्नुपर्छ।

विगतमा कुनै कमीकमजोरी भएको भए त्यसलाई सच्याएर अघि बढ्नुपर्छ । बजेट विनियोजनलाई सबै पक्ष र वर्गमा न्याय पर्नेगरी वितरण गर्नुपर्छ । अन्यायमा परेकालाई न्याय दिनुपर्छ । पालिकामा भएको क्षतिको विवरण दुरुस्त गर्नुपर्छ । पालिकाहरुले सम्पादन गरेको काम पारदर्शी ढङ्गले सार्वजनिक गरी जनताको मन जित्ने प्रयास गर्नुपर्छ । पालिकाभित्र आम जनतामा यो घरदैलोको सरकार हो, यसले हाम्रो पक्षमा काम गर्छ भन्ने सन्देश प्रवाह गर्न निर्वाचित जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीले कुनै कसर बाँकी राख्नु हुँदैन । साथै, समाजका सबै पक्ष र वर्गलगायत आम नागरिकबाट पालिका र वडा सञ्चालनमा साबिकमा झैँ निरन्तर सहयोग भइरहनुपर्छ । रासस

# सम्बन्धविच्छेदः परम्परागत नेपाली समाजमा बढ्दो चुनौती

दीपक चन्द

झापाको कचनकबलका सुमन २०७० सालमा वैदेशिक रोजगारीका लागि मलेसिया गए। श्रीमती र दुईजना छोरी बाबुआमासँगै छाडेर जानुभएका सुमन आठ वर्ष उतै बसे । यो बीचमा घरमा निरन्तर श्रीमती र छोरीहरुसँग कुराकानी भइरहन्थ्यो । घरमा बाबुआमासँग कुरा नमिलेपछि श्रीमान् मलेसिया गएको एक वर्षपछि नै श्रीमती छोरीहरु लिएर माइतीघरमा बस्दै आएकी थिइन्।

माइतीघरमा बसे पनि सुमनसँग निरन्तर कुरा भइरहने र उनले पनि मलेसियाबाट नियमित खर्च पठाइरहेका थिए । मलेसिया गएको आठ वर्षपछि जब सुमन नेपाल फर्किन लागे काठमाडौँ विमानस्थल पुग्नेबेलासम्म उनको श्रीमतीसँग सम्पर्क भइरहेको थियो । तर काठमाडौँबाट झापा पुगेपछि मोबाइलमा सम्पर्क गर्दा श्रीमतीको मोबाइलको स्वीच अफ देखायो, सम्पर्क नै हुन सकेन । सुमन आफ्नो घर पुगेपछि श्रीमतीको आमासँग सम्पर्क गर्दा मेरो छोरी तपाईसँग बस्दैन सम्बन्घबिच्छेद गर्नुप¥यो भन्ने शब्द सासुआमाको मुखबाट सुन्नुपर्दा सुमनलाई आधा ज्यानै खोसिए जस्तो भयो । आठ वर्षसम्म विदेशमा हुँदा नियमित सम्पर्क भइरहेको श्रीमतीले एक्कासी सम्बन्धबिच्छेदका लागि तयार भएपछि १३ वर्षको वैवाहिक सम्बन्ध अन्त्य गर्नुपर्ने अवस्था आयो।

झापाको मेचीनगरकी सरिता र राकेशले अन्तरजातीय प्रेम विवाह गरे । दुवैका परिवारले उनीहरुको प्रेम विवाहलाई स्वीकार नगरेपछि भागेर मन्दिरमा गई विवाह गरेका थिए । विवाहपछि ज्याला मजदुरी गर्दै बजारमा कोठा भाडामा लिएर बस्दै आएका उनीहरुको विवाहको दुई वर्षपछि छोराको जन्म भयो । छोरा जन्मिएपछि राकेशको परिवारले सबैलाई घरमै बोलायो।

घरमा बोलाएको एक महिनापछि नै सरिताले विभिन्न किसमका यातनाको सामना गर्नुप¥यो । घरको सबै काम गरे पनि केही गर्दैन, राम्रोसँग काम गर्न नि आउँदैन, कसकी छोरी, केही पनि नसिकाएका लगायतका मानसिक तनाव राकेशको परिवारले दिन थाल्यो। माया गरेर प्रेम गरेका राकेशको पनि विस्तारै व्यवहारमा परिवर्तन आउन थाल्यो । घरपरिवारको उक्साहटमा राकेशले पनि जाँडरक्सी खाएर आउने गालीगलौज गर्ने, हातपात गर्ने, खान लाउन नदिने, चरम यातना दिनेलगायतका कार्य गर्न थाल्यो। राकेश र उनको घरको यातना चरम विन्दुमा पुगेपछि सहन नसकेर सरिताले आफन्तको सहयोगमा सम्बन्धविच्छेदका लागि अदालतमा मुद्दा दायर गरिन । अदालतले मुद्दा मिलापत्रको लागि दुवैलाई मेलमिलापकर्ता कहाँ पठायो। त्यहाँ मिल्ने सहमति गरेर आउने घरमा पुगेको २–३ दिनपछि पुरानै व्यवहार देखाउन थालेपछि अन्तिममा सरिताले अंशसहित सम्बन्धबिच्छेदका लागि अपिल गरिन।

यी मात्र दुई उदाहरण मात्र हुन् । यस्तै कैयौं घटनाहरू अहिले देशका हरेक शहर र गाउँमा दोहोरिइरहेका छन् । नेपालजस्तो पारिवारिक सम्बन्धलाई अगाडि राख्ने परम्परागत समाजमा विवाहलाई 'अटुट बन्धन' र 'पवित्र सम्बन्ध'को रूपमा लिइन्छ । तर पछिल्ला केही वर्षयता यो परम्परागत सोचमा ठूलो परिवर्तन आएको छ । विवाह टिकाउन नसक्ने र एकअर्कासँग जीवन बिताउन नसक्ने अवस्थामा सम्बन्धविच्छेद गर्न तयार रहेका पति–पत्नीबीचको संख्या तीव्ररूपमा बढिरहेको छ । एक दशकअघि फाटफुट मात्रै अर्थात दुर्लभ घटना मानिने सम्बन्धविच्छेद अहिले दैनिक समाचारमा सुन्न, पढ्न र देख्न सकिन्छ।

यस प्रवृत्तिले हाम्रो समाजमा नयाँ खालका सामाजिक, मनोवैज्ञानिक, कानूनी र आर्थिक समस्या जन्माइरहेको छ। सर्वोच्च अदालतको आर्थिक वर्ष २०८०–८१ को वार्षिक प्रतिवेदनअनुसार अदालतहरुमा सबैभन्दा बढी मुद्दा परेको विषय सम्बन्धबिच्छेद रहेको थियो । उक्त आर्थिक वर्षमा ४० हजार तीन सय २० जनाले वैवाहिक सम्बन्ध अन्त्यका लागि मुद्दा दायर गरेका थिए । यस तथ्याङ्कलाई हेर्दा नेपालमा औसतमा दैनिक एक सय १० जना भन्दा बढीले सम्बन्घविच्छेदका लागि अदालतहरुमा निवेदन दिने गरेका छन्।

झापा जिल्ला अदालतको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१–८२ मा एक हजार तीन सय ४३ जनाले सम्बन्घविच्छेदका लागि मुद्दा दायर गरेका थिए । उक्त तथ्याङ्कअनुसार औसतमा झापा जिल्लामा दैनिक चार जनाले वैवाहिक सम्बन्ध अन्त्य गर्न चाहेको देखिन्छ । पछिल्लो समय झापा जिल्ला सबैभन्दा बढी सम्बन्धविच्छेद हुने प्रमुख जिल्लाहरुको सूचीमा पर्दै आएको छ।

वैदेशिक रोजगारी, सामाजिक सञ्जालको दुरुपयोग र प्रविधिको अनियन्त्रित प्रयोग सम्बन्धविच्छेदका प्रमुख कारण भएको सामाजिक अभियन्ता दयानन्द गोश्वामी बताउनुहुन्छ । श्रीमान वा श्रीमती विदेशमा लामो समय अलग बस्दा पारिवारिक सम्बन्ध कमजोर हुन्छ । सामाजिक सञ्जालमार्फत नयाँ सम्बन्ध सुरु गर्ने, अर्को साथी भेट्ने वा अनलाइनमा बढ्दो आकर्षणले पनि विवाहमा खलल पु¥याइरहेको छ । विशेषगरी ग्रामीण क्षेत्रमा सम्बन्धविच्छेदपछि महिलामाथि अझै दोष थुपारिन्छ । पुनःविवाह गर्न कठिनाइ हुने, परिवार र समाजमै स्वीकार्यता पाउन गाहे हुने अवस्था सिर्जना हुन्छ । खस क्षेत्री समाजका अध्यक्ष खड्कबहादुर खड्का भन्नुहुन्छ, 'नेपालजस्तो परम्परागत समाजमा सम्बन्धविच्छेद केवल व्यक्तिगत होइन, सामूहिक कलङ्कको रूपमा हेरिन्छ।'

अधिवक्ता नरेश खाती भन्नुहुन्छ, 'मुलुकी देवानी संहिता २०७४ ले दुवै पक्षलाई सम्बन्धविच्छेद गर्ने समान अधिकार दिएको छ, तर व्यवहारमा यो सजिलो छैन । कानूनी प्रक्रिया लामो, खर्चिलो र सामाजिक रूपमा अझै नकारात्मक दृष्टिले हेर्ने मानसिकता बलियो छ । यसैले पीडितहरू अदालतसम्म पुग्न हिच्किचाउँछन् ।' विदेश अध्ययन वा डिपेन्डेन्ट भिसामा विवाह गरेर जाने, अनि त्यहाँ पुगेपछि सम्बन्धविच्छेद गर्ने घटनाहरू पनि बढेको अधिवक्ता खातीको भनाइ छ । पछिल्लो समय ४० वर्ष माथिका व्यक्तिहरूमा सम्बन्धविच्छेद बढी देखिनु अर्को रोचक तथ्य हो।

सम्बन्धविच्छेदपछि दुवै पक्षलाई मानसिक आघात हुन्छ । तर सबैभन्दा बढी असर सन्तानमा देखिन्छ । उनीहरू असुरक्षित, आत्मविश्वासहीन र कहिलेकाहीँ आक्रामक बन्न सक्छन् । त्यसैले सम्बन्धविच्छेदलाई केबल कानूनी प्रक्रिया नभई मनोवैज्ञानिक उपचारसँग पनि जोड्नुपर्ने भद्रपुर नगरपालिकाका नगर उपप्रमुख राधा कार्की बताउनुहुन्छ । सम्बन्धबिच्छेद व्यक्तिगत स्वतन्त्रताको विषय भए पनि अधिकांश अवस्थामा यसले स्वतन्त्रताको सीमा नाघेको उहाँको भनाइ छ । प्रायः सम्बन्धबिच्छेद भएका सन्ततिहरुमा एक्लोपना हुने र विस्तारै लागुऔषधको कुलतमा फस्दै गएको अवस्था छ। आर्थिक लाभ प्राप्त गर्न, संयुक्त परिवारमा बस्न नसक्नुलगायतका कारणले हुने सम्बन्धबिच्छेद समाजका लागि हानीकारक हुने गरेको उपप्रमुख कार्की बताउनुहुन्छ।

हाम्रै घर समाजबाट वैदशिक रोजगारीमा राम्रो कमाई हुने देशमा गएका महिलाहरुले राम्रो आयआर्जन गरेपछि सम्बन्धबिच्छेद गर्ने गरेको पत्रकार नेत्र बिमली बताउनुहुन्छ। अभिभावकले आफ्ना छोरा छोरीलाई राम्रो सल्लाह नदिंदा समेत केही सम्बन्धबिच्छेदका घट्नाहरु बढ्दै गएको उहाँको भनाइ छ।

सम्बन्धविच्छेदले हाम्रो समाजमा बहुआयामिक असर पु¥याइरहेको समाजिक अभियन्ता गोश्वामी बताउनुहुन्छ । यसले सबैभन्दा पहिले बालबालिकामाथि प्रत्यक्ष प्रभाव पार्छ । आमा–बुबा अलग भएपछि बालबालिकामा आत्मविश्वासको कमी देखा पर्ने, पढाइमा असर पर्ने र समाजसँग सहज रूपमा घुलमिल गर्न कठिनाइ हुने अवस्था सिर्जना हुन्छ । कतिपय अवस्थामा उनीहरूमा अपराध प्रवृत्ति वा गहिरो मानसिक समस्या समेत विकास हुने गरेको पाइन्छ। त्यस्तै, सम्बन्धविच्छेदपछि महिलामाथि समाजले अझै पनि ठूलो दबाब दिने गर्दछ । विशेषगरी ग्रामीण क्षेत्रमा त सम्बन्धविच्छेद भएकी महिलालाई दोषी ठहरिने प्रचलन अझै कायम छ । यसका कारण उनीहरूले पुनःविवाह गर्न गाह्रो हुने मात्र होइन, आफ्नै परिवार र समाजभित्र पनि स्वीकार्यता पाउन कठिनाइ भोग्नु परेको उहाँ बताउनुहुन्छ।

पत्रकार देवेन्द्र किशोर ढुंगाना संयुक्त परिवार विगठन हुनुले सम्बन्धविच्छेदको चलन बढ्न थालेको बताउनुहुन्छ । ढुङ्गाना भन्नुहुन्छ, "हाम्रो परिवारसँगको माया टुटेको छ, तर एउटा कुकुरलाई माया गरिरहेका छौँ । पत्रकारिताले यस्ता कुरालाई जिम्मेवारीपूर्वक उठाउनुपर्छ। धेरै मात्रामा सम्बन्धविच्छेद समस्या हो भने कम मात्रामा समाधान पनि हो ।" सम्बन्धविच्छेदलाई दुई पक्षबाट हेर्न सकिन्छ । एउटा पक्षका लागि यो गहिरो समस्या हो, जसले परिवारलाई टुक्र्याउँछ, बालबालिकाको भविष्यमा अन्धकार ल्याउँछ, महिलामाथि सामाजिक कलङ्क थप्छ र सामाजिक संरचना नै कमजोर बनाउँछ । अर्कोतर्फ, धेरै पीडितका लागि सम्बन्धविच्छेद नै मुक्तिको उपाय र समाधान हो—दैनिक हिंसा, यातना र असमान सम्बन्धबाट बाहिर निस्कने वैधानिक बाटो हो।

यसरी सम्बन्धविच्छेदलाई केवल नकारात्मक रूपमा समस्या भनेर मात्र व्याख्या गर्न सकिँदैन। यदि वैवाहिक सम्बन्ध अस्वस्थ, असमान र हिंसात्मक छ भने त्यस्तो सम्बन्धलाई जबर्जस्ती टिकाइराख्नु नै अझ ठूलो समस्या हो । तर, स्वस्थ सम्बन्धलाई असावधानी, आवेग वा प्रविधिको गलत प्रयोगका कारण टुटाउनु भने समाजकै लागि गम्भीर चुनौती हो।

त्यसैले सम्बन्धविच्छेदलाई समस्या पनि हो, समाधान पनि भन्ने बुझाइ आवश्यक छ। यसको सकारात्मक वा नकारात्मक असर परिस्थिति, कारण र परिणाममा निर्भर हुन्छ। दीर्घकालीन रूपमा, समाजले यसलाई समस्या–केन्द्रित दृष्टिभन्दा बढी समाधानमुखी व्यवहारमा रूपान्तरण गर्नुपर्छ, जहाँ सम्बन्धविच्छेद पछि पनि व्यक्तिको अधिकार, गरिमा र बालबालिकाको भविष्य सुरक्षित हुने वातावरण निर्माण होस् । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# मन्त्री घिसिङद्वारा सूर्यविनायक–धुलिखेल सडकको अनुगमन, हालसम्म ४५ प्रतिशत मात्र प्रगति

**काठमाडौं ।**
ऊर्जा, जलस्रोत तथा सिंचाई, भौतिक पूर्वाधार तथा यातायात, र सहरी विकास मन्त्री कुलमान घिसिङले सूर्यविनायक–धुलिखेल (धुलिखेल खावा) सडकको अनुगमन गर्दै निर्माण प्रगतिबारे जानकारी लिएका छन्।
अनुगमनका क्रममा उनले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशक, आयोजनाका प्रमुख तथा निर्माण व्यवसायीसँग छलफल गरेका हुन्।
छलफलमा मन्त्रीले चाडपर्वलाई ख्याल गर्दै सडकका खाल्डाखुल्डी तत्काल मर्मत गरी यातायात आवागमनलाई सहज बनाउन निर्देशन दिए।
साथै, आयोजनातर्फबाट निर्णय गर्न बाँकी विषयहरू भए ती विषयमा तत्काल निर्णय गर्न, जनशक्ति र उपकरण थप गरी निर्माण कार्यलाई पूर्ण रूपमा परिचालन गर्न तथा चालु आर्थिक वर्षभित्र नै सडक विस्तार सम्पन्न गर्न आग्रह गरे । हालसम्म सूर्यविनायक देखि धुलिखेलसम्मको १५.८ किलोमिटर सडकलाई ६ लेनमा विस्तार गर्ने कार्य भइरहेको छ । यसअन्तर्गत सूर्यविनायकदेखि साँगा सम्मको ८.३ किलोमिटर खण्डमा ३९ प्रतिशत भौतिक प्रगति भएको छ भने साँगादेखि धुलिखेलसम्मको ७.५ किलोमिटर खण्डमा ५१ प्रतिशत प्रगति भएको छ। आयोजनाको समग्र भौतिक प्रगति ४५ प्रतिशत छ । टेवा पर्खाल तथा नाली निर्माणको ८० प्रतिशत काम सम्पन्न भइसकेको छ भने करिब १ किलोमिटर सडकमा कालोपत्रे गरिएको छ। तर, सडक सीमा विवाद, घर–टहरा हटाउने समस्या, बजेटको अभाव लगायतका कारणले आयोजनाको निर्माण कार्य प्रभावित भएको छ।
बजेटको अभाव हुन नदिने आवश्यक पहल गर्ने बताए। महानिर्देशक विजय जैशीका अनुसार आयोजनाका लागि चालु आर्थिक वर्षमा करिब ३ अर्ब बजेट आवश्यक पर्नेमा ५० करोड मात्र विनियोजन गरिएको छ। रासस

# क्षतिग्रस्त भवन मर्मत गरी पुनः प्रयोगमा ल्याइने

**बागमती ।**
जेनजी आन्दोलनका क्रममा यही भदौ २४ गते तोडफोड र गजनीबाट क्षतिग्रस्त बागमती प्रदेश सरकारको अधिकांश मन्त्रालयको भवन एक महिनाभित्र मर्मतसम्भार गरी पुनः प्रयोगमा ल्याउने भएको छ ।
प्रदर्शनकारीले बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयसहित १० मन्त्रालयको भवनमा तोडफोड तथा आगजनी गरी क्षतिग्रस्त बनाएका थिए ।
क्षतिग्रस्त मन्त्रालयका भवनको प्राविधिक टोलीले गरेको अध्ययनका क्रममा सहकारी तथा गरिबी निवारण मन्त्रालय बाहेक सबै मन्त्रालयको भवनमर्मत सम्भार गरेर पुनः सञ्चालनमा ल्याउन सक्ने मूल्याङ्कन गरेपछि प्रदेश सरकारले ती भवनहरुको तत्काल मर्मत सम्भारको काम अघि बढाउने प्रक्रिया सुरु गरेको बागमती प्रदेश सरकारका प्रवक्ता आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले जानकारी दिए ।
उनका अनुसार क्षतिग्रस्त मन्त्रालय भवनहरुको मर्मतसम्भार गर्ने र ती मन्त्रालयहरुलाई तत्काल अन्य भवनमा अस्थायी व्यवस्थापन गरेर मन्त्रालयको काम सञ्चालन गर्ने गरी तयारी अघि बढाइएको छ ।
'तोडफोड र आगजनीबाट क्षतिग्रस्त भएकामध्ये सहकारी तथा गरिबी निवारण मन्त्रालय बाहेक धेरैजसो मन्त्रालयहरुको भवनलाई मर्मत सम्भार गरी सञ्चालन गर्न सक्ने प्राविधिकबाट मूल्याङ्कन भएको छ', उनले भने,' क्षतिग्रस्त मन्त्रालयका भवनहरुको मर्मत सम्भारको काम तत्काल अघि बढाइसकेका छौँ, छिट्टै काम सुरु हुन्छ ।'
हेटौँडा– १ चौकीटोलस्थित एउटै भवनमा सञ्चालनमा रहेको भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि तथा पशुपक्षी विकास मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय र खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको भवन मर्मत सम्भारको काम अघि बढाइसकेको मन्त्री तामाङले बताए ।
यस्तै हेटौँडा १० स्थित एउटै भवनमा सञ्चालित स्वास्थ्य मन्त्रालय र सामाजिक विकास मन्त्रालयको भवन पनि मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन सक्ने प्राविधिक मूल्याङ्कन भएकोले ती भवनको मर्मत सम्भारको काम अघि बढाउने प्रक्रिया सुरु गरिने मन्त्री तामाङले बताए ।
उनका अनुसार क्षतिग्रस्त आन्तरिक मामिला तथा कानुन मन्त्रालयको भवन पनि तत्काल मर्मत सम्भार गरेर पुनः सञ्चालनमा ल्याउने प्रक्रिया अघि बढाइएको छ ।
क्षतिग्रस्त मन्त्रालय भवन एक महिनाभित्र मर्मत सम्भार गरी पुनः तत भवनबाटै मन्त्रालय सञ्चालन गर्ने गरी काम अघि बढाइएको र भवन मर्मत नभएसम्म ती सबै मन्त्रालय अस्थायी रुपमा अन्य भवनमा व्यवस्थापन गरेर सञ्चालन गर्ने तयारी भइरहेको मन्त्री तामाङले जानकारी दिए ।
त्यसमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि नवनिर्मित सहरी विकास तथा भवन कार्यालयको नयाँ भवनबाट नियमित कामकाज सञ्चालनको तयारी गरेको छ ।
यस्तै कृषि तथा पशुपक्षी विकास मन्त्रालय हेटौँडा उपमहानगरपालिका– १ को चाइवाक्वाटरमा रहेको आफ्नो मातहतको कृषि विकास निर्देशनालय र पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयको दुई वटा भवनमा स्थान्तरण गरी अस्थायी रुपमा सञ्चालनको तयारी भइरहेको मन्त्री तामाङको भनाइ छ ।
यस्तै स्वास्थ्य मन्त्रालय र श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौँडा ४ हुप्राचौरस्थित स्थानीय तहको भवनमा, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको भवनमा र सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई उद्योग मन्त्रालयको भवनमा स्थान्तरण गरेर अस्थायी रुपमा सञ्चालन गर्ने तयारी भएको मन्त्री तामाङले बताए । रासस

# पुनःनिर्माणमा स्वदेशी काठलाई प्राथमिकता दिन आग्रह

**काठमाडौं ।**
सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले 'जेनजी' प्रदर्शनका क्रममा क्षति भएका भौतिक संरचनाको पुनःनिर्माणमा स्वदेशी काठलाई प्राथमिकता दिन सरकारसँग आग्रह गरेको छ ।
यही असोज ४ र ५ गते भएको बैठकमा निर्णय सोमवार सार्वजनिक गर्दै महासङ्घले पुनःनिर्माणमा आवश्यक पर्ने गुणस्तरीय काठ सामुदायिक वनका माध्यमबाट उत्पादन र आपूर्ति गर्न विद्यमान कानुनी झमेला हटाउन माग गरेको हो ।
महासङ्घका अध्यक्ष ठाकुर भण्डारीले सो कार्यका लागि महासङ्घसँग समेत परामर्श गरी तत्काल वन नियमावली २०७९ संशोधन गर्न सरकारसँग अपिल गरे । महासङ्घले सामुदायिक वन उपभोक्ता समूहमा समावेशीकरणसहितको युवा नेतृत्व सुनिश्चितताका लागि हरसम्भव उपायहरु अवलम्बन गर्न वन उपभोक्ता समूहलाई आह्वान गरेको छ ।
उनले गत जेठ ९ गते सार्वजनिक आर्थिक सुधार कार्यान्वयन योजनामा सामुदायिक वनको रकम तीनै तहका सरकारबीच बाँडफाँड गर्ने भनी राखिएको बुँदा तत्काल खारेज गर्न माग गरे । अध्यक्ष भण्डारीले भने, 'नेपालको संविधान र सङ्घीय कानुन विपरीत हुनेगरी प्रदेश सरकारहरुले सामुदायिक वन उपभोक्ता समूहमा लगाउँदै आएको कर तत्काल हटाउन माग गर्दछौँ ।'
महासङ्घले वनलगायतका प्राकृतिक स्रोतमा स्थानीय समुदायको अधिकार खोस्ने खालका कार्यहरु तत्काल बन्द गर्न आह्वान गरेको छ । त्यसैगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तत्काल संशोधन गरी समुदाय मैत्री ऐन बनाउन र मध्यवर्ती सामुदायिक वनहरुलाई सामुदायिक वनमा रुपान्तरण गर्न महासङ्घले आह्वान गरेको छ ।
उनले जलवायु परिवर्तनसम्बन्धी नीति तथा कानुनहरुमा जलवायु वित्तका रुपमा प्राप्त रकमको कम्तीमा ८० प्रतिशत रकम स्थानीय समुदायमा प्रवाह गरिने व्यवस्था कार्यान्वयन सुनिश्चित गर्न माग गरे ।रासस

# केन्द्रको कार्यालयमा क्षति भएपनि अभिलेख सुरक्षित !

**काठमाडौँ ।**
राष्ट्रिय सतर्कता केन्द्रमा रहेका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन र सम्पत्ति विवरणलगायतका महत्त्वपूर्ण कागजात र अभिलेख सुरक्षित रहेका छन्।
जेनजी पुस्ताको प्रदर्शनका क्रममा भदौ २४ गते सिंहदरबार परिसरमा भएको आगजनी र तोडफोडको घटनामा केन्द्रमा रहेका ती महत्त्वपूर्ण दस्तावेज र फाइलहरू सुरक्षित रहेको केन्द्रका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिए।
शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयको भुइँ तल्लामा रहेको केन्द्रका करिब दुई दर्जन सवारीसाधनमा आगजनी गर्नुका साथै कुर्सी, टेबुल र दराजसहितका फर्निचर भने आन्दोलनकारीले तोडफोड गरेका थिए।
कर्मचारीका कार्यसम्पादन मूल्याङ्कन, सम्पत्ति विवरणलगायतका महत्त्वपूर्ण अभिलेखमा कुनै क्षति नपुगेको तथा सुरक्षित नै रहेको उनले बताए । विभिन्न उजुरीमाथि भइरहेको छानबिनसम्बन्धी फाइल, उजुरी र अरु केही महत्वपूर्ण अनुसन्धानका फाइल पनि सुरक्षित नै रहेको केन्द्रले जनाएको छ।
राष्ट्रिय सतर्कता केन्द्र भदौ २४ गते भएको तोडफोड र आगजनीको घटनाबाट केन्द्रको भुइँ तल्लामा र पहिलो तल्लामा क्षति भएको थियो। आगजनीबाट केन्द्रले प्रयोग गरेका अधिकांश कोठामा भने कुनै न कुनै क्षति भने पुगेको छ। अण्डरग्राउण्ड पार्किङमा भएका सवारीसाधन जलेपछि त्यसको असर सम्पूर्ण कार्यालयमा परेको छ।
धुँवाको मुस्लो र आगाको ज्वालाको प्रभाव परेपछि अधिकांश कोठा बस्न योग्य छैन। केही झ्याल पनि जलेको छ। पार्किङमा राखिएका १३ वटा चार पाङ्ग्रे र १२ वटा दुई पाङ्ग्रे सवारीसाधन जलेको पनि केन्द्रले जनाएको छ। उक्त घटनापछि पानी, बत्ती, टेलिफोन, इन्टरनेटसम्बन्धी सेवा अवरुद्ध भएकामा अहिले मर्मतसम्भार गरी जोड्ने काम भइरहेको छ।
आगजानी र तोडफोडको घटनापछि केन्द्रका सचिवको नेतृत्वमा क्षतिको विवरण लिने र सबै कर्मचारी जुटेर कार्यालय परिसरको सरसफाइको काम गरिएको पनि प्रवक्ता भट्टले जानकारी दिए।
केन्द्रले सार्वजनिक निकायबाट हुने अनियमितता, ढिलासुस्ती, भ्रष्टाचार सम्बन्धमा उजुरी सङ्कलन गर्ने तथा सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन नियमन, अनुगमन गरी सुझाव निर्देशन दिने कार्य गर्दैआएको छ।
सार्वजनिक पद धारणा गरेका व्यक्तिहरूको सम्पत्ति र आयको अनुगमन गर्ने तथा विकास निर्माणका योजनाहरूमा गुणस्तरीयता कायम गरी तोकिएको समय, लागत र गुणस्तरीय काम सम्पन्न गर्ने, प्राविधिक परीक्षण गर्ने कार्य जिम्मेवारी पनि केन्द्रलाई प्राप्त छ।
विभिन्न सरकारी कार्यालयमा हाजिरी, पोसाक, सिट छड्केजस्ता सुधारात्मक कार्य पनि केन्द्रले गर्दैआएको छ।रासस

# ६ महिनामा केही काम गर्न सकिन्छ तर कायापलट गर्न सकिन्नः मन्त्री खरेल



**काठमाडौं ।**
नवनियुक्त सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पदभार ग्रहण गरेका छन् ।
आज शीतल निवासमा राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ ग्रहणपछि सिंहदरबारस्थित मन्त्रालयमा आएर खनालले पदभार ग्रहण गरेका हुन् ।
सोही क्रममा उनले भ्रष्टाचार नियन्त्रण गरेर सुशासन कायम गर्ने विषयमा वस्तुपरक र कार्यान्वयन हुने ढंगले ६ महिनाभित्रका केही फाउन्डेसनहरु स्थापना गर्नुपर्ने बताए ।
उनले भने, 'हुन त ६ महिनाको लागि सञ्चारमन्त्री आएर कुनै कायापलट हुने होइन् ।
तर भ्रष्टाचार नियन्त्रण गरेर सुशासन कायम गर्ने विषयमा वस्तुपरक र कार्यान्वयन हुने ढंगले देखिने गरेर र जनतालाई महसुस हुनेगरी यो ६ महिनाभित्रका केही फाउण्डेसनहरु हामीले स्थापना गर्नुपर्ने छ ।'
यस्तै, उनले खरानी टक्टक्याएर जीवन र धरोहरहरुको पुनर्निर्माण गर्नुपर्ने अवस्था रहेको भन्दै भ्रष्टाचारको विषयमा सरकार निर्मम भएर काम गरिरहेको छ भन्ने अनुभूति जनतालाई गराउनुपर्ने बताए । उनले भने, 'भ्रष्टाचार पनि ६ महिनामा हट्दैन । तर घटाउँदै जाने हो । जनताले पनि यो विषयमा सरकार निर्मम छ है, काम गर्दै छ है भन्ने अनुभूति गराउन सकिन्छ । हामी खरानी टक्टक्याएर जीवन र धरोहरको पुनर्निर्माण गर्नुपर्ने छ ।'
राजनीतिक हस्तक्षेप भएन भने र नेता र मन्त्रीको चम्चा बनिएन भने स्वतन्त्र रुपमा अगाडि बढ्न सकिने पनि उनको भनाइ छ ।रासस

# जेन्जी आन्दोलनको उपलब्धीहरुलाई खेर जान दिनेछैनः मन्त्री सिन्हा



**काठमाडौं ।**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री अनील कुमार सिन्हाले भावुक हुँदै जेन्जी आन्दोलनका शहीदहरुको आहुति खेर नजाने बताएका छन् ।
सोमबार शपथ ग्रहणसँगै पदभार ग्रहण गर्न सिंहदरबार पुगेका उनले सुशासन र रोजगारीको लागि भएको आन्दोलनमा धेरैले ज्यान पनि गुमाउनु परेको भन्दै उनीहरुको देन र ज्यानको आहुति आगामी दिनमा खेर नजाने बताए ।
उनले भने, 'हामीले राजनीतिक स्थायित्वको लागि र जुन प्रयोजनको लागि आन्दोलन भएको थियो, जुन कुरा उठाउनुभयो त्यसका लागि काम गर्नुपर्नेछ । जस्तो अहिले देशमा भइरहेको सुशासन र रोजगारीको अभावमा धेरैले ज्यान पनि गुमाउनु परेको छ । उहाँहरुले दिनु भएको देन र ज्यानको आहुति आगामी दिनमा खेर जादैंन् भन्ने विश्वास लिएको छु । मैले जुनसुकै काम गर्दा पनि उहाँहरुको अनुहार मेरो अगाडि आउँछ । घाइतेहरुको अनुहार पनि आउँछ ।सायद त्यसले मलाई उर्जा पनि दिन्छ ।'
यस्तै, उनले युवाहरुको सीप व्यवस्थापन र रोजगारीका कुराहरु आफ्नो प्राथमिकतामा रहने भन्दै घाइतेहरुलाई देशमा भएका उद्योगमा रोजगारी दिने बताए । उनले भने, 'उद्योग र देशको अर्थ व्यवस्था चलाएमान भएन भने युवा साथीहरुले देशभित्र बस्ने वातावरण बन्न सक्दैन् । त्यो वातावरण बनाउनको लागि उहाँहरुको क्षमता विकास गर्नुपर्ने अवस्था पनि छ । सबैभन्दा पहिला युवाहरुको सीप व्यवस्थापन, रोजगारीका कुराहरु नै पहिलो प्राथमिकता हुनेछ । जसको मृत्यु भएको छ, जो घाइते हुनुहुन्छ उहाँहरुलाई देशमा भएका उद्योगमा रोजगारी दिने विषयमा छलफल गर्नेछु ।' रासस

# पदभार ग्रहणपछि महावीरले भनेः मन्त्रालयमै बस्छु, आफैं पकाएर पनि खान्छु

**काठमाडौं ।**
नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महावीर पुनले पदभार ग्रहण गरेका छन् ।
आज सोमबार शीतल निवासमा राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ ग्रहणपछि सिंहदरबारस्थित मन्त्रालयमा आएर पुनले पदभार ग्रहण गरेका हुन् ।
पदभार ग्रहणपछि बोल्दै उनले मन्त्री क्वाटर र सरकारबाट प्राप्त हुने सेवा नलिने भन्दै मन्त्रालयको गाडी पनि कामबाहेक अन्त प्रयोग नगर्ने बताएका छन् ।
उनले भने, 'मलाई मन्त्री क्वाटर चाहिँदैन् । सचिवज्यूलाई म अहिले नै के निर्देशन दिन चाहन्छु भने यही एउटा कोठा बनाउनु, त्यहाँ एउटा खाट भए पुग्छ । एउटा टेबुल र एउटा कुर्सी भए हुन्छ । म जहाँ गएपनि जुन ठाँउमा काम गरेको त्यही बस्ने बानी छ । म आफैं पकाएर खान पनि सक्छु । मैले सुरक्षाकर्मीहरुलाई पनि भनेको छु, मन्त्रालयबाट बाहिर जाँदा मेरो पछि आउनु पर्दैन् । मेरो आफ्नो गाडी नभएको हुँदा मन्त्रालयको गाडी भने आउनजान प्रयोग गर्छु । अन्त कतै जानको लागि मन्त्रालयको गाडी प्रयोग गर्दिन् ।'



यस्तै, उनले समितिहरु बनाउने कुरामा नाम मात्रको समिति नबनाउने भन्दै सानो काम भएपनि ठोस हुनुपर्ने बताए ।
उनले भने, 'समिति मात्र बनाएर हुँदैन् । पहिला यसमा आर्थिक स्रोत खोज्नुपर्छ । सँधै मन्त्रालयमा अड्किने कुरा भनेको नै पैसा छैन् भनेर हो । नाम मात्रको पनि समिति नहोस् ।
समिति बनाउने काम नगर्ने हाजिर गर्ने, दुई चार पटक मिटिङ बस्ने अनि जे कुरा पनि पैसाले रोकिने गर्नु भएन् । म यो समितिको सदस्य भनेर भिजिटिङ कार्डमा राखेर मात्र भएन । के जे काम गरेपनि ठोस हुनुपर्यो, चाहे सानै होस् ।'
शिक्षा ऐनको बारेमा आफूलाई ज्ञान नभएको भन्दै यसबारे विज्ञहरुलाई इमान्दारिपूर्वक सुझाव दिनुपर्ने पनि उनको भनाइ छ ।
उनले भने, 'शिक्षा ऐनको बारेमा केही थाहा छैन् । यो कस्तो ऐन बनाएको हो थाहा छैन् ।
त्यसको लागि विज्ञहरुको टोली बनाउछु । उहाँहरुले जस्तो सुझाव दिनु हुन्छ त्यो अनुसार अगाडि बढ्ने हो । सबै कुरा मैले भनेको हुनुपर्छ भनेर म भन्दिन् ।
आज म सबैलाई आह्वान गर्छु विज्ञहरुलाई एकदमै इमान्दारिपूर्वक सुझाव दिनुहोस । सबैको बुद्धि जम्मा पारेर अगाडि बढौ भन्ने हो ।'
उनले विज्ञान मन्त्रालयले अझसम्म केही काम गर्न नसकेको भन्दै अब ६ महिनामा केही न केही काम भने गर्ने पनि बताए । रासस

# काठमाडौँमा असोज अन्तिम साता मेलम्चीको पानी

**काठमाडौँ ।**
काठमाडौँ उपत्यकामा यस वर्ष असोज अन्तिम साताातिर मात्रै मेलम्चीको पानी आउने भएको छ ।
वर्षाका कारण मेलम्चीमा पानीको बहाव बढेकाले दसैँ अगाडि मेलम्चीको पानी काठमाडौँमा ल्याउन नसकिने मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जगन्नाथ दासले जानकारी दिए ।
उनले भने, 'पानीको बहाब घटेको छैन ।
बहाब घटेपछि पानी ल्याउने तयारी छ ।' विसं २०७८ असार १ गते मेलम्ची खोलामा आएको बाढीपहिरोले आयोजनाको हेडवर्क्स पूर्ण रूपले क्षतिग्रस्त भएपछि त्यसयता हिउँदमा मात्र मेलम्चीको पानी उपत्यकामा वितरण हुँदै आएको कार्यकारी निर्देशक दासले बताए ।
केही दिनयता दैनिक ठूलो पानी पर्न थालेकाले मेलम्चीको पानी काठमाडौँ उपत्यकामा पठाउन समस्या भएको उनको भनाइ छ ।
मेलम्चीबाट करिब १७ देखि १८ करोड लिटर पानी दैनिक काठमाडौँमा पथान्तरण गरिँदै आए पनि बाढीका कारण मेलम्चीको मुहान बन्द गरिएपछि अहिले रिबर्मा खोलाबाट दैनिक रुपमा ६ देखि ७ करोड लिटर पानी पथान्तरण गरेर काठमाडौँमा वितरण भइरहेको कार्यकारी निर्देशक दासले बताए ।
उनले भने, 'मेलम्चीको पानी असारमै बन्द भएको थियो । अहिले हामीले रिबर्मा खोलाको पानी वितरण गरीरहेका छौँ ।'
विसं २०७८ चैत १५ गते पूर्ण क्षमताअनुसार दैनिक १७ करोड लिटर काठमाडौँ उपत्यकामा पानी वितरण थालिएको हो । तर, २०७८ असार र साउनमा मेलम्ची तथा इन्द्रावतीमा आएको भीषण बाढीले आयोजनामा ठूलो क्षति पु¥याएपछि हालसम्म बाह्रैमास पानी ल्याउन सकिएको छैन ।
काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का कार्यकारी निर्देशक अशोककुमार पौडेलका अनुसार उपत्यकामा दैनिक ४३ करोड लिटर पानीको माग छ । मेलम्ची खानेपानी बन्द गरिएको बेला विभिन्न स्रोतबाट दैनिक १३ देखि १४ करोड लिटर पानी मात्रै उपत्यकामा आपूर्ति हुने गरेको उनले जानकारी दिए । रासस

# एक अर्ब ८५ करोड लगानीमा एउटै प्लाजामा होटल र सपिङ स्टोर

**चितवन ।**
चितवनमा होटल 'लड्स' सिबिसी प्लाजा र सपिङ स्टोर 'सेल्सबेरी' एकसाथ सञ्चालनमा आएका छन् । भरतपुर महानगरपालिका–१०, विमानस्थल अगाडि एउटै भवनबाट होटल र सपिङ स्टोर सञ्चालनमा आएका हुन् ।
चितवन बिजनेस कम्प्लेक्स होटल प्रालि (सिबिसी) र चितवन बिजनेसन मार्टले सञ्चालन गरेको सेल्सबेरीले सोमवार पत्रकार सम्मेलनको आयोजना गरी दुवै सेवा एकसाथ सञ्चालनमा आएको जनाएको छ । चितवन बिजनेस कम्प्लेक्स होटल प्रालि (सिबिसी) का कार्यकारी अध्यक्ष दिनुप बरालले भवन र होटलमा गरी कुल एक अर्ब ६० करोड रुपैयाँ र सपिङ स्टोर 'सेल्सबेरी'मा २५ करोड रुपैयाँ लगानी रहेको बताए ।
उनका अनुसार दुई तला अन्डरग्राउन्डसहित ११ तल रहेको उक्त कम्प्लेक्समा अन्डरग्राउन्ड दुई तलामा पार्किङ, तीन तलामा सेल्सबेरी, छवटा तलामा होटल सञ्चालन गरिएको बरालले जानकारी दिए ।
अन्तरराष्ट्रिय रूपमा ख्यातिप्राप्त अमेरिका, भारत, नेपाललगायत विभिन्न देशमा चेन होटल सञ्चालन गरेको लड्स हस्पिटालिटीसँगको सहकार्यमा होटल सञ्चालनमा ल्याइएको बरालले बताए । उनले भने, 'होटलमा ५८ वटा कोठा रहेका छन् । तीमध्ये प्रेसिडेन्टियल एक, स्विट तीन, सुपर डिलक्स १०, प्रिमियम १५ र बाँकी स्ट्यान्डर्ड कोठा रहेका छन् ।' होटल शुभारम्भका अवसरमा सन् २०२५ भरि २५ प्रतिशतसम्म छुटको व्यवस्था गरिएको उनको भनाइ छ ।
होटलमा ५०० क्षमताको सभा कक्ष, १०० क्षमताको कन्फ्रेन्स हल, ३० जना क्षमताका तीनवटा बैठक कक्ष रहेको भन्दै कार्यकारी अध्यक्ष बरालले भने, 'रेष्टुरेन्टमा बाहिर र भित्र गरी १२५ जना एकै पटक बसेर सेवा लिन सक्ने क्षमता रहेको छ ।'
भवनको माथिल्लो तलामा स्वीमिङ पुल छिट्टै सञ्चालनमा आउने गरी तयारी गरिएको उनले जानकारी दिए ।
कम्प्लेक्सको तीनवटा तलामा सेल्सबेरीको ३८औँ शाखा सञ्चालनमा आएको भन्दै उनले भने, 'ग्रोसरी, हाउसवायर, इलेक्ट्रोनिक्स, कस्मेटिक्स, मदिरा (लिक्वायर) लगायत घरायसी सम्पूर्ण सामग्री सेल्सबेरीमा रहेका छन् ।' कपडा, फर्निचरलगायतका सामग्री निकट भविष्यमा उपलब्ध हुने उनको भनाइ थियो ।
भवनको अन्डरग्राउन्ड दुई तलामा पार्किङको व्यवस्था गरिएको भन्दै उनले जहाँ चारपाङ्ग्रे (कार) ८० वटा र दुईपाङ्ग्रे (मोटरसाइकल स्कुटर) २०० वटा पार्किङका लागि सहज व्यवस्था रहेको बताए । यहाँका स्थानीय १८ जना व्यवसायीको लगानी रहेको यो व्यवसायमा लक्ष्मी सनराइज बैङ्कसँग सहकार्य गरिएको छ ।रासस

# हेटौंडामा दशैं बजारः गत वर्षभन्दा व्यापार घट्यो



**हेटौंडा ।**
महान चाड विजयादशमी नजिकिँदै जाँदा हेटौंडा बजारमा उपभोक्ताको भीड बढ्दै गएको छ ।
कपडा, जुत्ता, सुनचाँदीदेखि लिएर सजावटी सामानसम्मको पसलमा ग्राहकहरूको भीड देखिन्छ ।
तर, चहलपहल जस्तोसुकै देखिए पनि व्यवसायीहरू भने यस वर्षको बिक्रीमा सन्तुष्ट छैनन् ।
व्यवसायीहरूका अनुसार गत वर्षको तुलनामा यो वर्षको व्यापार घटेको छ। मूल्यवृद्धि, उपभोक्ताको क्रयशक्ति घट्नु र अनलाइन खरिदको बढ्दो प्रभावले गर्दा बजारमा अपेक्षित कारोबार हुन सकेको छैन् ।
दशैंमा हुने कारोबार वर्षभरिकै मुख्य आम्दानीको आधार हो तर यसपटक खर्चमा मितव्ययिता अपनाउने प्रवृत्ति देखिएकाले बिक्री घटेको व्यापारीहरुको भनाइ छ ।
यद्यपि, बजारमा भीड बढिरहेकाले चाडै कारोबारमा सुधार आउने व्यवसायीहरूको अपेक्षा छ ।रासस

# चाडपर्व मनाउन राजधानीबाट पाँच दिनमा एक लाख ८९ हजार यात्रु बाहिरिए

**काठमाडौँ ।**
मुलुकको सङ्घीय राजधानी काठमाडौँबाट चाडपर्व मनाउनका लागि पछिल्लो पाँच दिनमा एक लाख ८९ हजार २१८ यात्रु बाहिरिएका छन् । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार असोज १ गतेदेखि ५ गतेसम्म २९ हजार ३६० सार्वजनिक यातायातमा एक लाख ८९ हजार २१८ यात्रु उपत्यकाबाट बाहिरिएका हुन् ।
कार्यालयका प्रहरी नायब उपरीक्षक लोकेन्द्रसिंह गुरुले देशका विभिन्न क्षेत्रबाट काठमाडौँ उपत्यकामा अध्ययन, व्यापार व्यवसाय, रोजगारीको लागि आएकाहरू दसैँ मनाउन घर जान थालेको जानकारी दिए । उनका अनुसार थानकोट, साँगा, दक्षिणकाली र बालाजु नाकाबाट ती यात्रुहरू गन्तव्यस्थलमा गएका हुन् ।




कार्यालयका अनुसार असोज १ गते ३४ हजार ५५६, असोज २ गते ३६ हजार १००, असोज ३ गते ४० हजार ५५५, असोज ४ गते ३४ हजार ८७९ र असोज ५ गते ४३ हजार १२४ यात्रु उपत्यकाबाट बाहिरिएका हुन् । यस वर्ष सडकको दूरावस्थाका कारण यात्रुहरूलाई आवतजावतमा समस्या परेको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव डेकनाथ गौतमले बर्सातका कारण राजमार्गमा पहिरो जाँदा सवारीसाधनलाई आवतजावतमा समस्या परेको बताए ।
'मुग्लिङ–नारायणघाट सडकखण्डमा पहिरो जाँदा घन्टौँसम्म बस बाटोमा रोकिएका छन्, जसका कारण समयमै काठमाडौँमा बस नआउँदा यात्रुलाई गन्तव्यस्थलसम्म पठाउन समस्या भएको छ', महासचिव गौतमले भने । अवरुद्ध राजमार्ग समयमै सञ्चालन गर्न उहाँले सरकारलाई आग्रह गरे ।
पछिल्ला दिनमा काठमाडौँ गोङ्गबुस्थित राष्ट्रिय बसपार्क नयाँबसपार्कमा समेत दसैँमा घर जाने यात्रुको चाप बढ्न थालेको छ । नयाँबसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिका मानव संशाधन प्रमुख पङ्कज मल्लले अन्य समयको तुलनामा नयाँ बसपार्कबाट घर जाने यात्रुको सङ्ख्या बढेको छ । उहाँका अनुसार अन्य समय चार पाँच हजार हाराहारीमा यात्रु नयाँबसपार्कबाट बाहिरिने गरेकोमा अहिले उक्त सङ्ख्या बढेर दैनिक १५ हजारभन्दा बढी पुगेको छ । रासस

# इजरायली आक्रमणबाट यमनमा ३१ पत्रकारको मृत्यु

**काठमाडौं ।**
न्युयोर्कस्थित कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्स (सिपिजे) ले इजरायलले यसै महिनाको सुरुवातमा यमनमा गरेका हवाई आक्रमणबाट ३१ जना पत्रकारको मृत्यु भएको जनाएको छ । यो गत १६ वर्षयताको पत्रकारमाथिको सबैभन्दा घातक हमला भएको समितिले जनाएको छ ।
समितिका अनुसार सेप्टेम्बर १० मा इजरायली आक्रमणले यमनको राजधानी साना स्थित दुई पत्रिका २६ सेप्टेम्बर र अल–यमनका कार्यालय भवनलाई लक्षित गरी आक्रमण गरेको थियो । उक्त घटनामा ३१ जना पत्रकारको मृत्यु हुनुका साथै कम्तीमा २२ जना घाइते भएका थिए ।
२६ सेप्टेम्बर का प्रधान सम्पादक नासेर अल–खद्रीले भनेका छन्, "हाम्रो समाचार कक्षमा बेलुकी करिब ४:४५ बजे प्रहार गरिएको थियो, जब सम्पूर्ण स्टाफ साप्ताहिक अंक प्रकाशनको तयारीमा व्यस्त थिए । यो पत्रकारमाथिको



अभूतपूर्व नरसंहार हो, जुन क्रूर र नाइन्साफीपूर्ण छ ।"
सीपीजेका तथ्याङ्कअनुसार, यो घटनामा पत्रकारहरूको मृत्यु २००९ मा फिलिपिन्सको म्यागुइन्दानाओमा भएको नरसंहारपछि सबैभन्दा ठूलो हो । उक्त घटनामा ३२ जना पत्रकारहरुको मृत्यु भएको थियो ।
इजरायलले भने आफ्ना प्रहारहरू हौथी समूहको जनसम्पर्क विभागसहितका सैन्य लक्ष्यहरूमा गरिएको दाबी गरेको छ ।
तर सीपीजेले इजरायलले गाजा, लेबनान र इरानमा जस्तै पत्रकार र सैन्य लक्ष्यबीच भेद नगरी आक्रमण गर्ने गरेको र पत्रकारलाई आतङ्कवादी भनेर अन्यायपूर्ण आरोप लगाउने गरेको आरोप लगाएको छ ।
गत वर्ष अक्टोबरमा इजरायल–हमास युद्ध पुनः शुरु भएपछि हौथी विद्रोहीहरूले इजरायलसम्बन्धी जहाजहरूलाई रातो सागर र अदन खाडीमा आक्रमण गर्ने तथा क्षेप्यास्त्र र ड्रोनमार्फत इजरायललाई निशाना बनाउने गरेका छन् । त्यसको जवाफमा इजरायलले यमनका हौथी नियन्त्रणमा रहेका क्षेत्रमा बारम्बार हवाई आक्रमण गर्दै आएको छ । सीसीटीभी

# स्याउ उत्पादक किसानलाई सडक बाधक

**सुर्खेत ।**
कर्णालीका हिमाली जिल्लामा स्याउ पर्याप्त मात्रामा उत्पादन हुन्छ । तर उत्पादन भए पनि बिक्री गर्न भने उनीहरुलाई हम्मेहम्मे पर्छ । स्याउ बजारमा पु¥याउन सडक बाधक बन्दै आएको छ । कर्णाली करिडोर बर्सेनि बर्खा लागेपछि अवरुद्ध हुने गरेकाले यहाँका किसानलाई स्याउ बजारमा पुर्‍याउन समस्या हुने गरेको छ । त्यसैले किसानले उत्पादन गरेको स्याउ बारीमै थन्किने गरेको छ ।
सडक अवरुद्ध हुँदा सबैभन्दा बढी जुम्ला, मुगु र हुम्लाका किसानलाई घाटा हुन्छ । जुम्लामा गत वर्षको तुलनामा यस वर्ष स्याउ उत्पादनमा ह्रास आएको
छ । यस वर्ष असिना–पानी र खडेरीका कारण उत्पादनमा कमी आएको हो । कृषि विकास कार्यालय जुम्लाका कार्यालय प्रमुख रामभक्त अधिकारीका अनुसार स्याउको गुणस्तर र गुलियोपन जाँचेर मात्र बजारमा बिक्रीका लागि पठाउने गरिएको छ ।
'स्याउ उत्पादन, निर्यात र आम्दानीको तथ्याङ्क सङ्कलन गर्न थालेका छौँ', उनले भने । व्यापारीले बगैँचामै पुगेर स्याउ खरिद गर्न थालेका उनले बताए । किसानले बगैँचाबाटै प्रतिकिलो ७० रुपैयाँमा स्याउ बिक्री गरिरहेका छन् । विगतमा कृषि विकास कार्यालयले स्याउको मूल्य तोक्ने गरेको भए पनि यसपालि किसान आफैँले मूल्य तोकेर बेच्दैछन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गतको स्याउ सुपरजोनले किसानलाई ११ हजार कार्टुन बाँडेको छ । त्यही कार्टुनमा किसनले स्याउ बिक्री गरिरहेका छन् । सुर्खेत, नेपालगञ्ज, बुटवल, चितवन, काठमाडौँलगायत सहरमा जुम्लाको स्याउ बिक्री गर्ने गरिएको छ ।
जुम्लामा चार हजार ४०० हेक्टरमा स्याउखेती गरेपनि यसपालि दुई हजार ९०० हेक्टरमा मात्र फल लागेको कार्यालय प्रमुख अधिकारीले बताए । 'स्याउले किसानको जीवनशैली बदलेको छ, तर ढुवानी गर्न सहज छैन', उनले भने । जुम्लामा रेड, रोयल, जोनाथन, गोल्डेन, गाला, फुजी र जोनाप्रिन्स जातको स्याउखेती गरिएको छ । गत भदौ पहिलो सातादेखि त्यहाँ स्याउ टिप्न थालिएको हो । कर्णाली करिडोरको कालिकोट खण्डमा सबैभन्दा बढी सडक अवरुद्ध हुने गरेको छ । स्याउ बोकेका सवारीसाधन हप्तौँ कर्णाली करिडोरमै थन्किने गरेको छन् । यस्तै डोल्पामा उत्पादन हुने स्याउ भेरी करिडोरमा पुल नभएका कारण बिक्री गर्न समस्या भएको किसानले बताएका छन् । भेरी करिडोरअन्तर्गत डोल्पाको त्रिपुरासुन्दरी–१ छलगाड, रुकुम पश्चिम आठबिसकोट नगरपालिका–५ को रिजीगार, उसुमखोलामा पुल निर्माण नहुँदा किसानलाई स्याउ बिक्री गर्न समस्या भएको छ । अघिल्लो वर्षभन्दा यस वर्ष स्याउखेतीको क्षेत्र विस्तार गरिएको कृषि विकास कार्यालय, डोल्पाका निमित्त कार्यालय प्रमुख सरद लामाले बताए ।
त्रिपुरासुन्दरी–४ का पवन बुढाले स्याउ किन्न व्यापारी बगैँचामै आएका बताए । उनले बगैँचाबाटै प्रतिकिलो ५५ रुपैयाँ मा स्याउ बिक्री गरे । 'सडक सुविधा नभएकाले उचित मूल्य पाउन सकेका छैनौँ', उनले भने ।
त्रिपुरासुन्दरी–४ का वडाध्यक्ष रञ्जित बुढाले प्रत्येक परिवारले स्याउ बिक्री गरी यस वर्ष ५० हजार रुपैयाँ देखि दुई लाख रुपैयाँ सम्म आम्दानी गरेको बताए । विसं २०७५ मा डोल्पा राष्ट्रिय सडक सञ्जालसँग जोडिए पनि यातायात सेवा भरपर्दो छैन । एक सय १८ किलोमिटर लामो भेरी कोरिडोरअन्तर्गत तल्लुबगरदेखि दुनैसम्मको ६२ किलोमिटर सडक कच्ची छ । बर्खामा यही बाटो पनि बन्द हुन्छ । बोकेरै स्याउ बिक्री गर्न लैजानुपर्ने हुन्छ ।रासस

# सामाजिक सुरक्षा परिचयपत्र नवीकरण असोज मसान्तभित्र गर्नुपर्ने

**काठमाडौँ ।**
सरकारले सामाजिक सुरक्षा परिचयपत्र नवीकरणका लागि समयावधिसम्म बढाएको छ ।
यसअघि सामाजिक सुरक्षा परिचयपत्र भदौ मसान्तभित्र नवीकरण गरिसक्नुपर्ने व्यवस्था रहेकामा त्यसलाई संशोधन गरी समयावधि बढाएर असोज मसान्त कायम गरिएको हो ।
सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ मार्फत् सरकारले यस्तो व्यवस्था ल्याएको हो । संशोधित नियमावली राजपत्रमा प्रकाशित भइसकेको छ ।
'सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ को उपनियम (१) मा रहेका भदौ मसान्तभित्र भन्ने शब्दहरूको सट्टा असोज मसान्तभित्र भन्ने शब्दहरू राखिएका छन', राजपत्रमा प्रकाशित सूचनामा भनिएको छ ।रासस

# पहिरोले छ घर भत्किए दश घर उच्च जोखिममा



**पर्वत।**
गत शनिबार रातिको भीषण वर्षाका कारण बस्ती भन्दा तलदेखि पहिरो जाँदा यहाँको फलेवास नगरपालिका–८ ठानामौला खाल्टेका छ घर पुर्ण रूपमा भत्किएका छन्।
त्यसैगरी १० घर उच्च जोखिममा छन् । स्थानीय मीनबहादुर नेपाली, नन्दकुमारी भण्डारी, डिलबहादुर गुरुङ, अस्मिता सार्की, लक्ष्मी परियार र अर्को एक रित्तो घर र गोठपुर्ण रूपमा भत्किएको सो वडाका वडा अध्यक्षमनबहादुर कुँवरले जानकारी दिए।
कुनै मानविय तथा पशुचौपायाको क्षति भने भएको छैन । जमिन चिरा पर्न थालेपछि र पशुचौपायासहित पहिल्यै सुरक्षित ठाउँमा सर्न भ्याएकाले क्षति हुन नपाएको हो । बस्ती भन्दा तल रहेको खोल्साबाट केही वर्षदेखि पहिरो बग्दै गाउँसम्मपुगेको हो।
विस्थापित घरपरिवारलाई नजिकैको जनज्योति माध्यमिक विद्यालयको खेल मैदानमा टेन्ट टाँगेर राखिएको जिल्ला प्रहरीका प्रहरी नायब उपरिक्षक रबिन विष्टले जानकारी दिए।
जिल्ला स्थित विपद् व्यवस्थापन समितिका टोली, फलेवास नगरपालिकाका नगरप्रमुख गङ्गाधार तिवारी, उपप्रमुख शोभा क्षेत्रीलगायतका स्थानीय जनप्रतिनिधिले सो स्थानको स्थलगत निरीक्षण गरेका छन्। उनीहरुले विस्थापित परिवारलाई अस्थाई वसोवासका लागि पाँचवटा टेन्ट उपलब्ध गराएको सो नगरका नगरप्रमुख गङ्गाधर तिवारीले जानकारी दिए।
विस्थापित परिवारलाई पुनःस्थापना गर्न र सुरक्षित स्थानमा आवास निर्माणका लागि जिल्ला विपद् व्यवस्थापन समितिमार्फत पहल गरिने उनले बताए। रासस

# सुगम जिल्लाको दुर्गम बस्ती 'खल्ला मसेट्टी'



**कञ्चनपुर।**
सुगम जिल्ला भनेर चिनिने कञ्चनपुर भित्रै विकासका आधारभुत सुविधाबाट वञ्चित छ, 'खल्ला मसेट्टी' गाउँ।
यहाँसम्म पुग्ने पक्की बाटो छैन, स्वास्थ्य, शिक्षा, विद्युत् र खानेपानीजस्ता आधारभुत सेवा पाउनसमेत मुस्किल पर्ने यहाँको जनजीवन कष्टकर छ।
सदरमुकामदेखि २० किलोमिटर उत्तरतर्फ अवस्थित यस बस्ती जोखिमपूर्ण कच्ची बाटो पार गरेर मात्र पुग्न सकिन्छ । २०६५ सालमा डडेल्धुराको जोगबुढाबाट बसाइसरेर यहाँ आउनु भएका लोकबहादुर थापा मगर यहाँ अनेक दुःख झेल्नु परेको बताउछन । 'यहाँको मुख्य समस्या सडक हो । सडक नहुँदा यहाँका बालबालिका दुई घण्टा पैदल हिंडेर विद्यालय जान्छन', उनले भने, 'बिरामी हुँदा उपचारका लागि निकै समस्या छ ।' बस्तीमा खानेपानीको सुविधा छैन।
गाउँमा माध्यमिक तहको विद्यालय नहुँदा पढाइ छाडेर भारत जाने चलन छ । महेन्द्रनगर सदरमुकामदेखि करिब १३ किमि ब्रह्मदेवसम्म सुविधा सम्पन्न सडक छ । ब्र्रह्मदेव कटेपछि यहाँ पुग्न कठिन बाटोको यात्रा गर्नुपर्छ। 'वर्षातको बेला बाटो नहुँदा बिरामीलाई उपचार गराउन समस्या हुन्छ, बाटो नहुँदा धेरै समस्या झेल्नुपरेको छ', स्थानीय लीला पुन मगरले भने, 'विजुलीबत्ती र खानेपानीको सुविधा छैन ।" खानेपानी योजनाआएको पाँचवर्ष भयो तर अहिलेसम्म पूर्णता पाएको छैन।
छ सय बढी जनसङ्ख्या रहेको यस वस्तीमा आधारभुत तहको विद्यालय बाहेक अरु कुनै सुविधा उपलब्ध छैन। यहाँबाट ब्रह्मदेव पढ्नका लागि आठ किलोमिटर पैदल हिंड्नुपर्छ । सडक राम्रो नहुँदा यहाँ एम्बुलेन्स समेत ल्याउन सकिंदैन।
यहाँ पक्की बाटो बन्ला र गाडी गुड्ला भन्ने आशामा दशक बितेको धनगिरी चुनारा बताउनुहुन्छ । उहाँले गाउँमा सुविधा सम्पन्न स्वास्थ्य चौकी नहुँदा धेरै पटक बिरामीलाई बोकेरै ब्रह्मदेव बजारसम्म पु–याएको बताउनुभयो । स्थानीयलाई यहाँ खेती गर्न सिचाँइसमेतको समस्या छ।
वडा कार्यालय पनि ब्रह्मदेवमा भएकाले यहाँका स्थानीयले वडाबाट पाउने सेवासुविधा समेत सहज रूपमा पाउन नसकेको स्थानीय रेखा विकको गुनासो छ । 'गाउँगाउँमा सिंहदरवार आयो भन्छन् हामीले एउटा सिफारिसका लागि दुई घण्टा हिंड्नुपर्छ', उनले भने, 'हामीलाई त आधारभुत सेवा सुविधा पाउनसमेत मुस्किल छ। रासस

# सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन माग

**काठमाडौँ ।**
'सार्वजनिक प्रशासन रूपान्तरण अभियान'ले निजामती कर्मचारी, सुरक्षाकर्मीलगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च बनाइ सहज र सुरक्षित कार्य वातावरण तत्काल निर्माण गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी बनाउन आह्वान गरेको छ ।
अभियानले नेपालको सार्वजनिक प्रशासन रूपान्तरण गर्ने अभियानमा प्रतिबद्ध रहेको उल्लेख गर्दै जेनजी आन्दोलनको भावना अनुरुप भ्रष्टाचारको अन्त्य र सुशासनको बहालीप्रति पूर्ण सहमति जनाएको हो । अभियानले एक प्रेस विज्ञप्तिमार्फत भ्रष्टाचारमुक्त र सुशासनयुक्त सार्वजनिक प्रशासन निर्माण गरी जेनजी आन्दोलनको मूल मर्म र भावनालाई कार्यान्वयन गर्न सम्बद्ध सबैको ध्यानाकर्षण गराएको छ । सार्वजनिक प्रशासनमा कर्मचारी सरुवा, बढुवा लगायतका वृत्ति प्रणाली र सार्वजनिक सेवा प्रवाहको विकृति र विसङ्गतिको जडकोरूपमा रहेको विद्यमान दलीय ट्रेड युनियन तत्काल खारेज गर्न अभियानले माग गरेको छ । रासस

# ग्रामीण सडकमा सधैँको सास्ती

**बागलुङ ।**
बागलुङ जिल्लाकै सबैभन्दा विकट गाउँ नर्जाखानी तीन महिनादेखि सिधा सडक सञ्जालसँग टुटेको छ ।
दसैँ नजिकिएसँगै सहर बजार र विदेश गएका आफन्त गाउँ फर्किन थाले । उनीहरुले लिएर आएको कोसेली पनि घरमा सजिलै पुग्न पाएका छनैन् । स्थानीय घण्टौँ पैदलयात्रा गरेर गन्तव्यमा पुग्नुपर्ने बाध्यता छ । खोलामा गाडी नतर्ने र पहिरोले पुरिएको सडकमा पैदलयात्रा पनि निकै कष्टकर हुँदा नर्जाखानीका नागरिकले वर्षौंदेखि सास्ती खेप्नु परेको छ ।
तमानखोला गाउँपालिका–६ मा पर्ने नर्जाखानी पुग्न आधा दर्जन स्थानमा खोला तर्नुपर्छ । तर ती खोलामा पुल नबन्दा बर्खाको करिब चार महिना यातायात ठप्प हुने गरेको छ । स्थानीय तह स्थापनापछि सडकले जोडिएको नर्जाखानीका स्थानीय अहिले पनि दैनिक उपभोग्य सामान बोकेरै उपभोग गर्छन् ।
गाउँपालिकाको केन्द्र बोङ्गादोभान बजारदेखि नर्जाखानीसम्म बाह्रैमहिना सडक सञ्चालन गर्न पाँच स्थानमा मोटरेवल पुल निर्माण गर्नुपर्छ । अहिलेसम्म कुनै पनि स्थानमा पुल नबन्दा स्थानीय मर्कामा छन् । नर्जाखानीसँगै पाल्ते र भित्रिवन गाउँ अहिले सडक सञ्जालभन्दा टाढा छन् । तीन महिनाभन्दा बढी समय सडक बन्द हुँदा गाउँमा सामान ढुवानी गर्न समस्या भएको स्थानीय तमबहादुर छन्त्यालले बताउनुभयो । सडकले हिउँदमा धेरै सुविधा दिए पनि बर्खामा समस्या मात्रै बनाएको उहाँको भनाइ छ ।
उनले भने,'सडकमा ठूला–ठूला पहिरो आएर बसेको छ, खोला उर्लिएर गाडी हिँड्ने ठाउँमा पुगेको छ, दसैँ आयो, सडक खुलेन, हामीहरु धेरै मर्कामा छौँ, चाडवाडका बेला बजारबाट गाडीमै सामान ल्याउन पाए कति सजिलो हुने थियो, पाँच÷छ घण्टा बोकेरै ल्याउनुपर्छ, खोलामा पुल बने त गाउँमै गाडी आउँथ्यो होला ।'
बर्खामा गाडी नचल्दा बिरामीलाई अस्पताल पु¥याउन र यात्रा गर्न सबैभन्दा बढी समस्या हुने गरेको तमानखोला गाउँपालिका–५ का अध्यक्ष चित्रहादुर छन्त्यालले बताए । यहाँका धेरै गाउँ खोला पार गरेपछि मात्रै पुग्न सकिने हुँदा अहिलेसम्म एउटा पनि बन्न नसकेको उनको भनाइ छ । खोलामा पानीको बहाव नघट्दा ठाउँ–ठाउँमा पहिरोले पुरिएको सडकसमेत खुलाउन नसकिएको उनले बताए ।
तमानखोलाका अध्यक्ष जोकलाल बुढा मगरले भौगोलिक विकटताका कारण एक गाउँदेखि अर्को गाउँमा पुग्न धेरै ठाउँमा खोला पार गर्नुपर्ने जनाउँदै पुल नहुँदा नागरिकले समस्या भोग्नु परेको बताए । खोलामा पानीको बहाव कम भएपछि सडक सञ्चालनमा ल्याउने योजना बनाए पनि वर्षा नरोकिएको हुँदा दसैँ अगाडि सबै सडक सञ्चालनमा आउने सम्भावना कम रहेको उनको भनाइ छ । बर्खाका लागि स्थानीयले हिउँदमै सामान खरिद गरेर राख्नुपर्ने अवस्था रहेको भन्दै हिउँदमा खरिद गरेर राखेको सामानको म्याद बर्खाभरिमा गुज्रिसक्ने उनले बताए ।
'दसैँ तिहार आयो, सबै सडक खुलाउने तयारी गरिरहेका छौँ, तर खोलामा पानीको सतह नघट्दा दसैँ अगाडि सबैँ ठाउँमा गाडी चल्ने सक्ने सम्भावना कम छ, तमानखोलामा धेरै खोला छन्, एक गाउँदेखि अर्को गाउँसम्म पुग्न खोला तर्नुपर्छ, सबै ठाउँमा मोटरबाटो त पु¥यायौँ,' उनले भने ,'तर मोटरेबल पुल निर्माण गर्न सकेको छैनौँ, एउटै पुल निर्माण गर्न करोडौँ बजेट लाग्छ, त्यो बजेट पालिकासँग हुँदैन, केही ठाउँमा त बने अझै एक दर्जन पुल बनाउन सके पालिकाभर बाह्रैमहिना सडक सञ्चालन गर्न सकिने थियो ।'
चार वर्ष अगाडिसम्म बुर्तिबाङ बजारदेखि बोङ्गादोभानसम्म पुग्न दुई स्थानमा गाडी परिवर्तन गर्नुपथ्र्यो । ढोरपाटन नगरपालिका–४ हुद्राफेँदी र भालिबाङ खोलामा मोटरेबल पुल निर्माण भएपछि बाह्रैमहिना यातायात सञ्चालन हुन थालेको छ । अहिले पालिकाको केन्द्रदेखि वडा नं २ को खोलेस्बाङबाहेक, वडा नं ५ को खुङ्गानीबाहेक अन्य वडामा बर्खामा सिधा यातायात सञ्चालन हुनसक्दैन । ।रासस

# अख्तियारमा नापी र मालपोतका उजुरी धेरै

**काठमाडौँ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रदेशगत रुपमा बागमती प्रदेशको सबैभन्दा बढी उजुरी पर्ने गरेको छ।
आयोगले आइतबार सार्वजनिक गरेको गत आर्थिक बर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन अनुसार प्रदेशगत रुपमा सबैभन्दा बढी अर्थात् ११ हजार २७७ वटा उजुरी दर्ता भएको उल्लेख छ। संघमा सात हजार ६२३, प्रदेशमा ७०८, स्थानीय तहमा दुई हजार ९४६ उजुरी दर्ता भएका छन्।
स्थानीय तहमा मधेश प्रदेशको सबैभन्दा बढी उजुरी परेको छ । सो प्रदेशका स्थानीय तहहरुको मात्रै सात हजार ७२ उजुरी दर्ता भएका छन् । कूल उजुरीका आधारमा कोशी प्रदेशमा तीन हजार २९४, मधेशमा नौ हजार ६६८ उजुरी दर्ता भएका छन्।
गण्डकी प्रदेशको दुई हजार ४१३, लुम्बिनी प्रदेशमा चार हजार ४२८, कर्णाली प्रदेशको तीन हजार ३३० र सुदूरपश्चिम प्रदशेको दुई हजार ६१६ उजुरी दर्ता भएका छन्।
देशभरका ७५३ वटा स्थानीय तहको कूल उजुरी १९ हजार ९३३ रहेका छन् । सो आवमा कूल उजुरी ३७ हजार २६ वटा परेका थिए। प्रदेशगत रुपमा १२ हजार ४७५ उजुरी दर्ता भएका छन् । प्रतिशतका आधारमा स्थानीय तहको सबैभन्दा बढी उजुरी परेको थियो । समग्रमा उजुरीका आधारमा ५३ दशमलव ८४ प्रतिशत उजुरी स्थानीय तहको देखिन्छ।

**नापी र मालपोतसँग सम्बन्धित सबैभन्दा बढी**

संघीय मन्त्रालयगत आधारमा हेर्दा सबैभन्दा बढी उजुरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित छ । सो मन्त्रालयसँग सम्बन्धित उजुरी १७ दशमलव १२ प्रतिशत छ। आयोगका अनुसार दुई हजार १३६ वटा उजुरी सो मन्त्रालय र मातहतका निकायको परेको छ । नापी तथा मालपोत कार्यालयमा भ्रष्टाचारजन्य गतिविधि बढी रहेको यसबाट अनुमान गर्न सकिन्छ।
गृह मन्त्रालय र मातहतका निकायको १० दशमलव ४१ प्रतिशत उजुरी परेको छ । सो मन्त्रालय र मातहतका निकायको एक हजार २९९ वटा उजुरी परेको छ। शिक्षा, विज्ञान प्रविधि मन्त्रालयको १० दशमलव ३२ प्रतिशत अर्थात् एक हजार २८७ वटा उजुरी आयोगमा दर्ता भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पाँच दशमलव ९९ प्रतिशत अर्थात् ७४७ वटा उजुरी दर्ता भएका छन् । अर्थ मन्त्रालयको पाँच दशमलव ४४ अर्थात् ६७९, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको चार दशमलव ८९ प्रतिशत अर्थात् ६१०, सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तीन दशमलव ५८ प्रतिशत अर्थात् ४४६ , भौतिक पूर्वाधार तथा यातायातको तीन दशमलव ४३ अर्थात् ४२८ उजुरी आयोगमा दर्ता भएका छन्।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तीन दशमलव १० अर्थात् ३८७, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको दुई दशमलव ५७ प्रतिशत अर्थात् ३२१ उजुरी परेका छन् । अन्य मन्त्रालय तथा निकायको भने ३३ दशमलव १५ प्रतिशत अर्थात् चार हजार १३५ वटा उजुरी दर्ता भएका छन्।

**पोखरा महानगरसँग सम्बन्धित उजुरी बढी**

आयोगको विवरण अनुसार गत वर्षको जिम्मेवारी समेत सरेर आएका आधारमा सबैभन्दा बढी उजुरी परेका १० स्थानीय तह मध्ये पोखरा महानगरपालिका शीर्ष स्थानमा छ । सो महानगरसँग सम्बन्धित ४१३ उजुरी आयोगमा परेका छन्।
दोस्रोमा काठमाडौँ महानगर छ । सो महानगरसँग सम्बन्धित ३८१ वटा उजुरी आयोगमा दर्ता भएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।
पर्साको छिपहरमाई गाउँपालिकाको २९८, सुवर्ण गाउँपालिका बाराको २३०, नारायण नगरपालिका दैलेखको २०६, पचरौता नगरपालिका बाराको १९२, जलेश्वर नगरपालिका महोत्तरीको १९१, ललितपुर महानगरपालिकाको १८८, जनकपुर उपमहानगरपालिका धनुषाको १७९, कटहरिया नगरपालिका रौतहटको १६९ वटा उजुरी दर्ता भएका छन्।

**छ अर्ब एक करोड ८४ लाख बराबरको बिगो दावी**

सो आवमा आयोगले भ्रष्टाचारजन्य कसुरमा १३५ वटा र सम्पत्ति शुद्धिकरणसम्बन्धी कसुरमा दुई गरी कूल १३७ मुद्दा विशेष अदालतमा दायर गरेको थियो। आयोगले ७५३ प्रतिवादी विरुद्ध कैद सजाय र जरिवानाका अतिरिक्त छ अर्ब एक करोड ८४ लाख ७२ हजार छ सय ९२ रुपैयाँ बराबरको बिगो मागदावी गरेको छ । सार्वजनिक सम्पत्ति हानी नोक्सानीको मात्रै चार अर्ब ६४ करोड ४१ लाख ७३ हजार ९४६ रुपैयाँ बराबरको बिगो दावी गरिएको छ।
गैरकानुनी लाभ वा हानीको ८२ करोड ५५ लाख ५७ हजार ४४ रुपैयाँ बराबरको बिगो दावी गरिएको छ । गैरकानुनी सम्पत्ति आर्जनको ३४ करोड ९६ लाख ९१ हजार ८६८ रुपैयाँ , घुस रिसवतको चार करोड ९२ लाख ७६ हजार ८०० रुपैयाँ बराबरको बिगो माग दावी गरिएको छ।रासस

# पदमार्गका लागि अन्नपूर्ण आधार शिविरमा पर्यटकको चहलपहल

**म्याग्दी।**
मौरिस हर्गोज पदमार्ग र अन्नपूर्ण आधार शिविरमा पर्यटकको चहलपहल बढेको छ । शरदयामको सुरुआतसँगै अन्नपूर्ण गाउँपालिका–४ मा स्थित आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल शिविरमा पर्यटकको चहलपहल बढेको हो।
हाल दैनिक १५ देखि ४० जना पदयात्री आधार शिविरको पदयात्रामा गइरहेका अन्नपूर्ण –४ का वडा सदस्य श्याम पुर्जाले बताए।
दसैं तिहारको विदा सुरु भएपछि पदयात्रीहरुको चाप बढ्ने अपेक्षा गरिएको उनले बताए । मिस्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमश्रृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै अन्नपूर्ण आधार शिविरमा पुग्न सकिन्छ। नारच्याङदेखि दुई घण्टा गाडीमा यात्रा गरेपछि पुगिने हुमखोलादेखि दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ।



छोटो यात्रामा पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाइमा परेको छ। शान्त र एकान्त वातावरण, वन्यजन्तु, पक्षी, जङ्गल, अग्ला पहाडको खोच, फुतफुते झरना, अन्नपूर्ण हिमालको फेदीमा रहेको निलो रङगको पञ्चकुण्ड ताल आधार शिविरको आकर्षण हो।
सहरको कोलाहलबाट मुक्त भएर प्रकृतिसँग रमाउदै छोटो समयको पदयात्राका लागि मौरिस हर्गोज पदमार्ग र अन्नपूर्ण आधार शिविर उपभोगी भएको गोरखाबाट आएका सन्दिप भट्टले बताए। ७५ वर्षअघि फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण हिमाल आरोहणका लागि प्रयोग गरेको बाटो पछ्याउँदै विसं २०६७ मा नारच्याङका तेज गुरुङको अगुवाइमा पहिचान भएको यो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले विसं २०७७ मा मौरिस हर्गोज नामाकरण गरी खुलाएको थियो।
अन्नपूर्ण गाउँपालिकाले आश्रयस्थल, सार्वजनिक शौचालय, खानेपानी निर्माण, पदमार्ग मर्मत र समुद्रि सतहदेखि चार हजार एक सय मिटर उचाइमा रहेको आधार शिविरमा खुल्ला सङ्ग्रहालय स्थापना गरेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को रु पाँच लाख सहयोगमा 'रेड वाटरफल' र सुनखोलामा काठको पुल निर्माण भएको छ।
अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को नीगिगत व्यवस्था अनुसारको प्रक्रिया पूरा गरेर गाउँपालिकाबाट अनुमति लिएर नारच्याङका युवाहरुले फुटफुते झरनामा चिया पसल, साधीखर्क, गुफाफाँट, भुसकेट र अन्नपूर्ण आधार शिविरको पञ्चकुण्ड ताल परिसरमा क्यापीङ सञ्चालन गरेका छन्। पर्यटकलाई खान, बस्न सहज, बन्दोबस्तीका सामानको भारी बोकेर यात्रा गर्नुपर्ने बाध्यता हट्नुका साथै स्थानीयस्तरमा रोजगारी र आयआर्जनको अवसर सिर्जना भएको छ । ती क्यापिङ क्षेत्रहरुमा दैनिक ५० जनासम्म पर्यटक बास बस्न सक्ने क्षमता रहेको छ।रासस

# जनकपुरधामका शक्तिपीठहरूमा भक्तजनको घुइँचो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
देशैभर दशैँको उल्लास छाइरहेका बेला मिथिलाको सांस्कृतिक राजधानी जनकपुरधाममा पनि दशैँको रौनक शुरु भएको छ । दशैँको पहिलो दिनदेखि नै यहाँका शक्तिपीठहरूमा भक्तजनको चहलपहल बढेको छ । जनकपुरधामको धार्मिक आस्थाको केन्द्र मानिने राजदेवी मन्दिरलाई यस वर्ष विशेष रूपमै सजाइएको छ ।

रंगीन बत्ती, फूलमालासहित आकर्षक सजावटमा मन्दिर झलमल्ल देखिएको छ ।

दशैँमा राजदेवी मन्दिरलाई विशेष महत्त्व हुने भएकाले पूजापाठ र दर्शनका लागि भक्तजनहरूको लामो घुइँचो लागेको छ । त्यस्तै बौधीमाई, अन्नपूर्णा, पिडरिया माइस्थानलगायतका अन्य शक्तिपीठहरू पनि श्रद्धालुको उपस्थिति अनुसार सिंगारिएका छन् । प्रत्येक मन्दिरमा परिवारसहित दर्शन गर्न आएका भक्तजनहरूले धार्मिक वातावरणलाई अझै उत्साहपूर्ण बनाएका छन् ।

दशैँमा ठूलो संख्यामा भक्तजनको आगमन हुने भएकाले सुरक्षालाई विशेष प्राथमिकता दिइएको धनुषा प्रहरीले जनाएको छ । जनकपुरधामका मुख्य धार्मिक स्थलहरूमा निगरानीका लागि सीसी क्यामेरा जडान गरिएको छ ।

साथै अतिरिक्त सुरक्षाकर्मी परिचालन गरी जनकपुरधामसहित सम्पूर्ण जिल्लामा सुरक्षा व्यवस्था कडा पारिएको छ । दशैँमा जनकपुरधाम आउनेको संख्या दिनप्रतिदिन बढ्ने अनुमान गरिएको छ । धार्मिक आस्था, संस्कृतिको धरोहर र पर्वको उल्लास मिसिएको यस वातावरणले जनकपुरधामलाई अझै रंगिन र आकर्षक बनाएको छ ।

# वीरगंज भन्सारः साउन र भदौमा एक खर्ब ४६ अर्बको आयात, १७ अर्बको निर्यात




**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको दुई महिनामा एक खर्ब ४६ अर्ब ६४ करोड मूल्य बराबरका वस्तु तथा सामान भित्रिएका छन् । गत आर्थिक वर्षको दुई महिनाको तुलनामा चालु आर्थिक वर्षमा यो नाका हुँदै २० प्रतिशत बढी समान भित्रिएका हुन् ।

जबकी गत आवको दुई महिनाको अवधिमा भने एक खर्ब २२ अर्ब ३२ करोड मूल्य पर्ने वस्तु तथा सामान भित्रिएको थियो । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले गत आवको दुई महिनाको तुलनामा चालु आवमा आयात र निर्यात दूवैमा वृद्धि भएको जानकारी दिए । 'गत आवको दुई महिनाको तुलनामा चालु आवमा २४ अर्ब ३२ करोड बढी सामान भित्रिएका छन्,' उनले भने, 'आयात मात्रै होइन् राजस्व सङ्कलनमा पनि वृद्धि भएको छ ।'

वीरगंज भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षको दुई महिनाको तुलनामा चालु आर्थिक वर्षको दुई महिनामा यो नाका हुँदै हुने निर्यातमा पनि उल्लेखनीय सुधार भएको छ ।

गत आवको दुई महिनामा ६ अर्ब पाँच करोड मूल्यको सामान विदेशीमूलक निर्यात भएको थियो । तर, चालु आवको दुई महिनामा यो नाका हुँदै १७ अर्ब तीन करोड मूल्य बराबरको सामान निर्यात भएको छ । गत आवको दुई महिनाको तुलनामा चालु आवमा १० अर्ब ९८ करोड बढीको सामान निर्यात भएको देखिन्छ । रासस

# 'प्रहरीको धाक देखाएर सर्वसाधारणमाथि कुटपिट'



**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको फतुवा बिजयपुर नगरपालिका–६ पेटभर्वा निवासी राजकिशोर साहले नेपाल प्रहरीमा कार्यरत सई सरफलाल यादव र उनका भतीजा बिकी यादवसहितको समूहबाट पटक–पटक कुटपिट, गालीगलौज र ज्यान मार्ने धम्की पाउँदै आएको गुनासो गरेका छन् ।

पीडित साहका अनुसार सई यादवले विगतदेखि नै सामाजिक सञ्जालमार्फत बेइज्जती गर्ने, प्रत्यक्ष रूपमा कुटपिट गर्ने र प्रहरीको धाक देखाएर त्रास फैलाउने कार्य गर्दै आएका छन् ।

त्यस्ता गतिविधिहरूमा यादवका आफन्तजन समेत संलग्न रहेको आरोप साहले लगाएका छन् । साहले विगतका रिसिविको विषयलाई लिएर विभिन्न बहानामा आफूलाई वर्षौंदेखि यातना दिइएको बताएका छन् । उनले २०७९ सालको असोज ११ गते जिल्ला प्रशासन कार्यालय रौतहटमार्फत जिल्ला प्रहरी कार्यालय गौरमा आधिकारिक उजुरी समेत दिएका थिए ।

उक्त उजुरीपछि असोज २९ मा छलफल तोकिए पनि त्यसको पूर्वसन्ध्यामा निवेदकमध्ये एकजनामाथि कुटपिट गरी गम्भीर घाइते बनाइएको र आफ्नो सय वर्ष नजिककी आमालाई अस्पताल भर्ना गरेर मुद्दा मिलाउने प्रयास गरिएको साहको भनाइ छ । उक्त घटनापछि पनि बिकी यादवले सामाजिक सञ्जालमार्फत निरन्तर गालीगलौज र धम्की दिँदै आएको साहले बताएका छन् ।

आफूले यी सबै गतिविधिको प्रमाण संकलन गरेर स्थानीय जनप्रतिनिधि र भद्रभलादमीहरूमाझ सार्वजनिक गरेका थिए । २०८० मंसिर ७ गते पुनः सबै प्रमाणसहित उजुरी गर्दा जिल्ला प्रहरी कार्यालय गौरमा छलफल गरी आगामी दिनमा यस्ता क्रियाकलाप नगर्ने सर्तमा कुरा मिलाइएको थियो । तर, सई यादव र उनका भतीजाले धम्की र त्रास फैलाउने कार्यलाई निरन्तरता दिएको पीडितको भनाइ छ ।

हालै भएको जेन्जी आन्दोलनका क्रममा साह घरमै रहेका बेला पनि उनलाई राजनीतिकर्मीको नाममा जोडेर अनावश्यक गालीगलौज गरिएको प्रमाण आफूसँग सुरक्षित रहेको उनले जानकारी दिए ।

प्रहरीकै संरक्षणमा आफूलाई सताउने काम भएको भन्दै उनले गुनासो गरेका छन् । इलाका प्रहरी कार्यालय बिजयपुरमा निवेदन दिएपछि छलफलका लागि प्रहरीद्वारा बोलाइएकोमा सई यादव उपस्थित नभएको, उल्टै राती घरमा मान्छे पठाएर गाउँमै छलफल गर्न दबाब दिइएको साहले बताए । 'प्रहरी प्रशासन सर्वसाधारणको सुरक्षाका लागि हो, न कि धाकधम्की र त्रास फैलाउने माध्यम बनाउने,' साहको गुनासो छ ।

उनले दोषीहरूलाई यथाशीघ्र पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याउन प्रहरी प्रशासनसहित सम्बन्धित निकायलाई आग्रह गरेका छन् ।

# २३६ किलो गाँजासहित मिनि ट्रक र चालक पक्राउ



**राहुल गुप्ता**
**बारा ।**
बारा जिल्लाको जितपुरसिमरा उपमहानगरपालिका–२१ स्थित अमलेखगंजमा प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ । सोमबार दिउँसो करिब १ बजे इलाका प्रहरी कार्यालय अमलेखगंजअगाडिको चेकपोइन्टमा चेकजाँचको क्रममा प्रहरीले बा २ ख ९५६९ नम्बरको मिनि ट्रकबाट २३६ किलो ७५० ग्राम गाँजा बरामद गरेको हो । प्रहरीका अनुसार ट्रकको छतमाथि फल्स बटम बनाइएको थियो । त्यसलाई ट्रिपालले छोपेर लुकाइएको अवस्थामा २८ पोका गाँजा प्लास्टिकमा प्याक गरी राखिएको थियो । उक्त ट्रक मकवानपुरबाट वीरगंजतर्फ जाँदै गरेको अवस्थामा रोकि जाँच गरिएको थियो । चेकजाँच प्रहरी नायब निरीक्षक धन प्रसाद श्रेष्ठको कमाण्डमा खटिएको टोलीले गरेको हो । गाँजा ओसारपसारमा संलग्न रहेको आरोपमा मकवानपुर कैलाश गाउँपालिका–१० निवासी ३८ वर्षीय रमेश रुम्बा (सानुलाल रुम्बाको छोरा) लाई नियन्त्रणमा लिइएको छ । पक्राउ परेका व्यक्ति, बरामद मिनि ट्रक र गाँजा इलाका प्रहरी कार्यालय अमलेखगंजमा राखिएको र आवश्यक अनुसन्धान अगाडि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

# दशैँ लक्षित यात्रु सहायता कक्ष सञ्चालन

**मधेशदृष्टि**
**महोत्तरी ।**
दशैँलगायतका प्रमुख चाडपर्वमा यात्रुको भीडलाई व्यवस्थापन गर्न महोत्तरीका विभिन्न स्थानमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ ।

यात्रुहरूको सुरक्षा, सहज आवागमन र यातायात नियमनलाई प्राथमिकता दिँदै जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिबासले सोमबारदेखि पाँच स्थानमा सहायता कक्ष स्थापना गरेको हो ।

बर्दिबास, गौरीडाँडा, गौशाला रोड, जलेश्वर र गौशाला बजार गरी पाँचवटा स्थानमा सहायता कक्ष सञ्चालनमा ल्याइएको ट्राफिक प्रहरीले जनाएको छ । सहायता कक्षको सोमबार बर्दिबासस्थित सिन्धुली चोकमा नगरप्रमुख प्रहलाद क्षेत्रीले उद्घाटन गर्दै ट्राफिक प्रहरी र यातायात व्यवसायीलाई 'मुस्कानसहितको सेवा' दिन आग्रह गरे । उनले दशैँतिहारमा सडक सञ्जालमा हुने अत्यधिक चापलाई व्यवस्थापन गर्न सबै पक्ष मिलेर काम गर्नुपर्नेमा जोड दिए । जिल्ला ट्राफिक प्रमुख लक्ष्मीप्रसाद जोशीका अनुसार सहायता कक्षमार्फत यात्रुहरूलाई २४ सै घण्टा सेवा उपलब्ध हुनेछ ।

उनले भने, 'सहायता कक्षले अलपत्र परेका यात्रुको गुनासो सुन्ने, बढी भाडा असुल्ने, बिच बाटोमै यात्रु




झार्ने, टिकट तथा सवारीमा कालोबजारी गर्ने जस्ता अवाञ्छित गतिविधि रोकथाममा सक्रिय भूमिका खेल्नेछ ।' जोशीका अनुसार प्रशासन, यातायात व्यवसायी र नागरिक समाजको सहकार्यमा सञ्चालन हुने सहायता कक्षले यात्रु दुर्घटना व्यवस्थापनदेखि ट्राफिक नियमनसम्मको काम गर्नेछ । यातायात व्यवसायी सीताराम ढुङ्गेलले चाडपर्वमा यात्रुको चाप असन्तुलित हुने हुँदा ट्राफिक प्रहरी र सहायता कक्षले यात्रु र व्यवसायीबीच पुलको काम गर्ने बताए । चाडपर्वमा यात्रुहरूको सुरक्षित यात्रा सुनिश्चित गर्न जिल्ला ट्राफिक प्रहरीले अतिरिक्त प्रहरी बल खटाएको छ भने दुर्घटनाको जोखिम कम गर्न सवारी साधनमा प्राविधिक जाँच पनि शुरु गरिएको जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन